# अध्याय एक

# विषय प्रवेश

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कक्षा ४ को नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, नेपाली भाषा शिक्षा विभाग अर्न्तगत स्नातकोत्तर तह द्धितीय वर्षको नेपा. शि. ५९८ को आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका निम्ति प्रस्तुत गरिएको छ ।

## १.३ शोध परिचय

भाषा मानवीय विचार सम्प्रेषणको साधन हो । विश्वमा बोलिने प्रमुख दश भाषा परिवारमध्यें सबैभन्दा बढी भाषा र वक्ता भएको भारोपेली भाषा परिवार अन्तर्गत नेपाली भाषा पर्दछ । नेपाल भौगोलिक रूपमा जसरी विविधतायुक्त छ । त्यसरी नै यहाँका मानिसहरूले बोलिने भाषामा पनि विविधता छ । नेपालमा बोलिने विभिन्न भाषाहरूमध्ये नेपाली भाषा पनि एक हो । २०६८ सालको जनगणना अनुसार ४४.६३% नेपालीहरूले नेपाली भाषालाई मातृभाषा वा पहिलो भाषाका रूपमा प्रयोग गर्दछन् र ५१% नेपालीहरूले दोस्रो भाषा वा सम्पर्क भाषाका रूपमा प्रयोग गर्दै आएका छन् (ढकाल २०६७:३६४) । यसरी नेपाली भाषा नेपालमा बोलिने विभिन्न भाषा परिवारका सदस्यहरूको एक मात्र सम्पर्क माध्यम भाषा बनेको छ । नेपाली भाषाको अध्ययनले विद्यालय स्तरदेखि महाविद्यालय स्तरसम्म स्थान पाएको छ । विद्यालय तहमा यसको पठनपाठनको अत्याधिक महत्व छ र यो बढ्दो क्रममा छ किनकि यसको जग दह्रो बन्न सक्ने नै यसमा उच्चस्तरीय शिक्षा लिने बाटो तयार हुँदै जानु हो । उच्च तहको शैक्षिक गतिविधिमा गुणात्मकता थप्न विद्यालय तहको शैक्षिक गतिविधिको जग बलियो हुन आवश्यक छ ।

स्तरयुक्त पठनपाठनका लागि स्तरीय पाठ्यक्रम, पाठ्यपुस्तक, प्रशिक्षित, जनशक्ति र सक्षम व्यवस्थापन हुनुपर्दछ । आजको वैज्ञानिक किसिमका शैक्षिक सामग्रीहरूको प्रयोग गर्ने प्रचलन भए पनि हाम्रो जस्तो अल्पविकसित देशमा विकल्परहित साधनको रूपमा पाठ्यपुस्तक देखिन्छ । विद्यार्थीहरूका लागि कक्षा सामग्री, शिक्षकका लागि शैक्षिक सामग्रीका रूपमा पाठ्यपुस्तक नै रहेको छ । यस्तो महत्वपूर्ण शैक्षिक सामग्रीको रूपमा रहेको पाठ्यपुस्तकको खोजी नीति गर्नु महत्वपूर्ण कार्य देखिन्छ ।

प्राचीन कालमा शिक्षा आर्जन अनौपचारिक प्रक्रियाबाट पुरा हुने गर्दथ्यो । तत्कालीन समयमा विद्यालय तथा निर्धारित पाठ्यक्रम र त्यस अनुरूपका पाठ्यपुस्तकहरू थिएनन् । समयको परिवर्तन सँगै विद्यालयहरू स्थापना हुन थाले अनि विस्तारै हस्तलिखित सामग्रीहरूका साथै मुद्रित सामग्रीहरू पनि देखिन थालें । यसै क्रममा वि.स. १९५८ मा जयपृथ्वीबहादुर सिंहले 'अक्षराङ्क शिक्षा' नामक पहिलो पाठ्यपुस्तक तयार गरेका थिए (शर्मा र पौडेल २०६७:१७) । यसरी समयको परिवर्तन सँगै नेपालमा अनेकौं विद्यालयहरू स्थापना हुँदै गए । जहाँ पठनपाठनको लागि पाठ्यपुस्तक प्रकाशन गर्न थालियो र सरकारी स्तरबाटै विद्यालयहरू सञ्चालित हुने र भाषा पाठ्यपुस्तक पनि नेपाल सरकारकै मातहतमा रहेको संस्थाबाट प्रकाशन गरिन्छ ।

वर्तमान समयमा पाठ्यपुस्तक भन्नाले कुनै निश्चित तहका विद्यार्थीहरूलाई लक्ष्य गरी तयार परिएको पुस्तक भन्ने बुझिन्छ । यस्तो पाठ्यपुस्तकलाई विद्यालय, महाविद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीहरूलाई औपचारिक तवरले शिक्षण गरिन्छ (बृ.ने.श.को २०५२:८१०) । पाठ्यपुस्तकलाई औपचारिक विद्यालयमा शिक्षण गरिने शैक्षिक सामग्रीको रूपमा लिन सकिन्छ । यसको प्रयोग दिनानुदिन बढ्दै गइरहेको छ । यसरी कुन विषयका सिद्धान्तहरूमा आधारित भएर शिक्षा प्रदान गर्ने आंशिक वा पूर्ण पाठ्यांशमा आधारित पुस्तकलाई पाठ्यपुस्तक भनिन्छ ।

यसै परिप्रेक्षमा एउटै कक्षाका लागि भनी प्रकाशित भएका कक्षा-४ को नेपाली भाषा पाठ्यपुस्तक विश्लेषणका आधारमा सरकारी विद्यालयहरूमा पठनपाठन भइरहेका छन् । नयाँ नेपाली पाठ्यपुस्तक परिक्षणको रूपमा रहेको छ । यसरी एउटै तह र कक्षाका लागि प्रयोग गरिएका यी पाठ्यपुस्तकको विश्लेषण गरिने छ । यसर्थ यस शोध प्रस्तावमा कक्षा-४ का उपयुक्त  पाठ्यपुस्तकहरू निर्माण सिद्धान्त अनुरूप तयार छन् कि छैनन् ? र भाषिक सीप

विकासमा कत्तिको सहयोगी पक्षहरू रहेका छन् भनी पाठ्यपुस्तकहरूको बारेमा खोजी नीति गरी तिनमा रहेका सबल र दूर्बल पक्षहरू औंल्याउँदा तिनको उत्तरोत्तर सुधार हुँदै जाने अवसर मिल्ने देखिएकाले प्रस्तुत अध्ययनलाई सान्दर्भिक ठानिएको छ ।

## १.४ समस्याकथन

समस्याकथन अध्ययन अनुसन्धानको विशिष्ट कार्य हो । विद्यार्थीको स्तर, रूचि, चाहना र आवश्यकता अनुरूप पाठ्यक्रममा समय सापेक्ष सुधार गर्ने कार्य भइरहे पनि पाठ्यपुस्तक र पाठ्यक्रमबीच तालमेल मिलेको देखिँदैन् र बेलाबेलामा विभिन्न क्षेत्रबाट गुनासाहरू आउने गरेका छन् । यी कुराहरूलाई यस शोधमा मुख्य समस्याका रूपमा उठान गर्नु रहेको छ । प्रस्तुत शोध अध्ययनका निम्न लिखित समस्या रहेका छन् ।

क) पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा ४ को नेपाली पाठ्यपुस्तकको विश्लेषणका समस्याका समाधानका उपायहरु सुझाउन,

ख) आन्तरिक तथा बाह्य विशेषताहरु पत्ता लगाउन,

ग) उल्लेखित पाठ्यपुस्तकमा के कस्ता कमी-कमजोरी रहेका छन् ?

## १.५ अध्ययनको उद्देश्य

कुनै पनि कार्य निश्चित उद्देश्यमा केन्द्रित हुन्छ । अनुसन्धानको सम्पूर्ण कार्यहरू नै उद्देश्य पूर्तिमा केन्द्रित हुने भएकाले अनुसन्धान प्रस्तावमा उद्देश्यलाई केन्द्रीय अङ्गको रूपमा लिइन्छ । समस्याकथनमा उठाएका मुख्य प्रश्नहरूको समाधान नै उद्देश्य हो । अध्ययन अनुसन्धान गर्नु पूर्व समस्या पहिल्याइ उद्देश्य निर्धारण गर्नुपर्दछ । खासगरी उद्देश्यले अनुसन्धानलाई निश्चित र सीमाबद्ध बनाउनका लागि मद्दत पुऱ्याउँछ । प्रस्तुत अध्ययनको उद्देश्यहरू निम्न लिखित रहेका छन् ।

क) पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा ४ नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण गर्नु,

ख) आन्तरिक तथा बाह्य विशेषताका आधारमा कक्षा ४ नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण गर्नु,

ग) उक्त पाठ्यपुस्तकमा रहेका सबल र दूर्बल पक्षहरुलाई पत्ता लगााई सुधारका लागि सुझाव दिनु ।

### १.६ अध्ययनको औचित्य/महत्व

जुनसुकै देशको शिक्षानीति राष्ट्रको आवश्यकता र परिस्थितिलाई मध्यनजर गरी निर्माण गरिएको हुन्छ । त्यसै अनुरूप तहगत एवम् कक्षागत उद्देश्यहरू निर्माण गरी पाठ्यक्रम बनाइएको हुन्छ । उक्त पाठ्यक्रम अनुसार विद्यार्थीको रूचि, क्षमता, स्तर र पूर्वज्ञानलाई मध्यनजर गरी पाठ्यपुस्तकहरू निर्माण गरिनुपर्दछ । असल पाठ्यसामग्रीले मात्र विद्यार्थीको गुणात्मक पक्षको विकास हुनसक्छ । भाषा विषय पढाउनुको मुख्य उद्देश्य भाषाका विषयमा शिक्षण गर्नु मात्र नभएर भाषिक कुशलताको शिक्षण गर्नु हो । यसर्थ भाषापाठ्यपुस्तकको निर्माण पाठ्यक्रमका उद्देश्य अनुरूप भाषिक सीप विकास हुने किसिमले गर्नुपर्दछ ।

प्राथमिक तह शिक्षाको आधारशिला भएकाले त्यही तहलाई सतचरित्र निर्माण गर्ने उद्देश्य पाठ्यक्रमले राखेको छ । बालबालिकाको शिक्षाको जगलाई सबल बनाउन असल पाठ्यसामग्रीको आवश्यकता पर्दछ । जसको लागि एक पटक निर्मित सामग्रीलाई समय-समयमा अध्ययन विश्लेषण गर्नुपर्ने देखिन्छ । यस शोधकार्यले भाषा पाठ्यपुस्तक निर्मातालाई सामग्री संकलनमा पक्कै सहयोग पुऱ्याएको छ । अर्कोतर्फ यसबाट विषय विशेषज्ञलाई सुधार गर्ने आधार उपलब्ध हुन सक्ने देखिन्छ । साथै भाषा पाठ्यपुस्तकको महत्व बुझी त्यसै अनुरूप शिक्षण गर्ने र पाठ्यपुस्तक तुलना गर्न पनि यसले मद्दत गर्ने देखिन्छ । विद्यार्थीको उमेर, स्तर, रुचि एवम् पूर्वज्ञान आदिका आधारमा पाठ्यपुस्तक निर्माण भएका छन् वा छैनन् भन्ने कुराको जानकारी हुने हुनाले सो अनुरुप पाठ्यपुस्तक निर्माण गर्न मद्दत पुग्छ । भाषापाठ्यपुस्तकको महत्व बुझी त्यसै अनुरुप शिक्षण गर्न गराउन मद्दत मिल्छ । विषय विशेषज्ञलाई आधार उपलब्ध हुन्छ । त्यसैले यस अनुसन्धान कार्यमा अध्ययनको औचित्य/महत्व रहेको देखिन्छ ।

### १.७ अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययन कक्षा ४ को नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषणमा आधारित रहेको छ । यसको अध्ययन असल भाषा पाठ्यपुस्तकमा हुनुपर्ने गुणको आधारमा गरिएको छ । अध्ययन गर्दा आन्तरिक/शैक्षिक पक्ष अन्तर्गत विषयवस्तु, विधा तथा प्रस्तुति भाषिक संरचना, शैली, शब्दभण्डार, नमुना, अभ्यास, चित्र पर्दछन् भने बाह्य/भौतिक पक्ष अन्तर्गत आवरण पृष्ठ, आकार, छपाइ, बँधाई, कागजको स्तर र मूल्यलाई आधार बनाइ यसैका आधारमा निष्कर्ष निकालिएको छ ।

## १.८ अध्ययनको रुपरेखा

यस शोधपत्रको रूपरेखा तपसिल बमोजिम हुनेछ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र अवधारणात्मक ढाँचा

अध्याय तिन : विधि तथा अध्ययनको प्रक्रिया

अध्याय चार : शोध अध्ययनको व्याख्या विश्लेषण एवम् प्रस्तुतीकरण

अध्याय पाँच : सारांश निष्कर्ष र उपयोगिता

# अध्याय दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा

### २.१ पूर्वकार्यको समीक्षा

पूर्वकार्यको समीक्षा भन्नाले विगतमा त्यस विषयमा भइसकेको अध्ययनलाई पूनरावलोकन गर्नु अर्थात् सम्बन्धित क्षेत्रका अन्य सामग्रीहरूको अध्ययन गर्नु हो । तसर्थ पूर्वकार्यको अध्ययन नगरी गरिएको अध्ययन स्तरहीन र अर्थविहीन हुन जान्छ । पूर्वकार्यको पूर्ण अध्ययन गर्नुको मुख्य कारण विगतमा गरिएको अध्ययनबाट सम्बन्धित क्षेत्रमा गरिएको अनुसन्धान कार्यलाई सहयोग मिल्दछ ।

शिक्षण कार्यमा पाठ्यपुस्तकको महत्वपूर्ण स्थान हुन्छ । कार्यक्रमबद्ध सिकाइका लागि पाठ्यपुस्तकमा नै भर पर्नुपर्दछ । विकासोन्मुख मुलुकमा त शिक्षण संस्थाहरूमा शिक्षण गर्दा पाठ्यपुस्तकमा नै केन्द्रित रहनुपर्ने बाध्यता छ । यसबाट दिईने शिक्षा सजिलो र विश्वासिलो ठानिन्छ । त्यसैले पाठ्यपुस्तक निर्माण गर्दा समाज, सिकारूको स्तर आदि पक्षलाई विशेष ख्याल गर्नुपर्दछ । अझ भाषापाठ्यपुस्तकले कतिपय अवस्थामा अन्य विषयको सहयोगीको भूमिका निर्वाह गर्नुपर्ने बाध्यता छ । भाषापाठ्यपुस्तकको आधारमा पाठ्यपुस्तक निर्माण गरिन्छ र यसको निर्माणमा विशेष सावधानी समेत अपनाउनु पर्ने हुन्छ । त्यसका लागि पहिलो भाषा पाठ्यवस्तुको छनौट गरेपछि मात्र सोही अनुसार पाठ्यपुस्तक निर्माण गरिन्छ (ढकाल, २०६५:५२) ।

प्रा. वि. तह कक्षा (१- ५) नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकबीच सन्तुलन नभएको कुरा विभिन्न अध्ययनहरूले देखाएका छन् । अध्ययनका क्रममा नेपाली भाषा पाठ्यपुस्तकहरूको अध्ययन विश्लेषणका आधारमा चर्चा गरिएको पाइन्छ । यी पाठ्यपुस्तकहरूमा छनोट र स्तरणको ख्याल नगरिएको भन्ने निष्कर्ष निकालिएको छ । दैनिक व्यवहारमा प्रयोग हुने विद्यार्थीहरूको बौद्धिक क्षमता अनुकूल नरहेका पाठ तथा शब्दहरूको प्रयोग भएको भनिएको छ घिमिरे (२०६०:८) द्वारा ।

अधिकारी (वि.सं. २०४४) द्वारा 'शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्वहरूको प्राथमिक तहका पाठ्यक्रम पाठ्यपुस्तकहरूको विश्लेषण' शीर्षक नेपाली भाषा उप-शीर्षक पाठ्यभार र पाठ्यपुस्तक बारे चर्चा गरिएको छ । यस अध्ययनमा पाठ्यक्रमले भाषाबोध तथा अभिव्यक्तिका अपेक्षाहरू समेटेको तर पाठ्यवस्तुको निर्धारण गर्दा भने अलगिएको निष्कर्ष निकालिएको छ । त्यसैगरी पाठ्यपुस्तकको विषयवस्तुको प्रस्तुतिमा स्तरगत कमजोरी रहेको, शब्दभण्डार र धारणा पक्षमा असंगति रहेको निष्कर्ष निकालिएको छ ।

त्यस्तै वाक्य सम्बन्धी र नमुना अभ्यास सम्बन्धी त्रुटिहरू औँल्याइएको छ । त्यसैगरी कतिपय पाठहरूमा रहेको वैचारिक असंगतिबारे औँल्याइ पाठ्यपुस्तक तयार गर्न महत्वपूर्ण सुझावहरू दिएका छन् । त्यसै गरी मुलुकभित्र भएका अध्ययन अनुसन्धानको बारेमा चर्चा गर्नु पर्दा डा. रस्तोजी सन् १९८९ द्वारा गरिएको 'प्रोजेक्ट अफ महेन्द्रमाला सेरिज फर क्लास वान टु फाइभ' शीर्षकमा पाठ्यपुस्तक सम्बन्धी अध्ययनमा सामाजिक, भाषावैज्ञानिक, मनोवैज्ञानिक र भौतिक पक्षका आधारमा ती पाठ्यपुस्तकको अध्ययन गरिएको छ । साथै पाठ्यपुस्तकमा प्रयुक्त भाषाका बारेमा अभ्यास, उदाहरण, भूमिका बारेमा विश्लेषण गरिएको छ । त्यसपछि त्रि.वि. अन्तर्गत कीर्तिपुर, महेन्द्ररत्न बहुमुखी क्याम्पस ताहाचल लगायत काठमाडौँ जिल्ला भन्दा बाहिरका विभिन्न क्याम्पसहरूबाट शोधपत्र तयार पारिएको देखिन्छ ।

खनाल, रामचन्द्रले आफ्नो स्नातकोत्तर शोधग्रन्थमा कक्षा ९ को नेपाली पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन गरेका छन् । खनालकानुसार पाठ्यक्रमले तोकेबमोजिम सबै विधालाई कक्षा ९ को पाठ्यपुस्तकले समेटन नसकेको, पाठको लम्बाइ बढी पाठ्यपुस्तकले समेटन नसकेको, पाठको लम्बाइ बढी भएको विवादास्पद वाक्यहरु समावेश गरिएको, वाक्यहरु गठन लामा भएको केही पाठ विद्यार्थीको स्तर अनुसार नभएको तर पहिलेको पाठ्यपुस्तक भन्दा स्तरीय पाठ्यपुस्तक भन्दा स्तरीय पाठ्यपुस्तक भएको निष्कर्ष निकालेका छन् ।

पौडेल, गंगारामले प्रस्तुत गरेका आफ्नो स्नातकोत्तर (२०५४) माध्यमिक तह नेपाली भाषा पाठ्यपुस्तक कक्षा (९ र १०) प्रयूक्त नमुना अभ्यास एक विश्लेषणात्मक अध्ययनमा शब्द वर्ग सम्बन्धी असन्तुलन भएको उपसर्ग र प्रत्यय बढी मात्रामा भएको अभ्यासमा विधाअनुरुप नभएको पाठ र अभ्यासबीच तालमेल नभएको द्वित्वपजस्तो शब्द निर्माणमा महत्वपूर्ण कुरा छुटेको, अभ्यास भाषिक सीप वृद्धि गर्ने खालका नभएको निष्कर्ष निकाल्नुभएको छ ।

अधिकारी (वि.सं. २०५७) द्वारा 'हाम्रो नेपाली किताब कक्षा ७ र ८ मा प्रयुक्त जीवनी विधासँग सम्बन्ध पाठहरूको तुलनात्मक अध्ययन' नामक शोधपत्र तयार पारेको देखिन्छ । छनौट, स्तरण, नमुना अभ्यास आदिका आधारमा गरिएको तुलनामा जीवनी लेखनको क्रमिकतालाई ख्याल नगरी लेखिएको दुबै पाठ्यपुस्तकमा पाइएको अनि दुबै जीवनीका पाठको रखाइमा क्रमिकतालाई अनुसरण नगरेको सरल, जटिल क्रममा नभएको आठ कक्षाका तुलनामा कक्षा चारमा शब्दभण्डार जटिल भएका, छनौट र स्तरण नमिलेको अभ्यासको छनोटमा व्यावहारिकता नपाइएको जस्ता कमी-कमजोरी औंल्याउँदै व्याकरणमा आगमन विधिको प्रयोग गरिएको भन्ने निष्कर्ष निकालिएको छ ।

आचार्य (वि.सं. २०५८) द्वारा १ र २ को सजिलो नेपाली माला र नयाँ नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन गरिएको छ । पुस्तकालयीय अध्ययन विधि र भाषापाठ्यपुस्तकमा हुनुपर्ने विशेषताहरूलाई आधार मानी गरिएको उक्त अध्ययनमा सजिलो नेपाली मालामा खासै त्रुटि देखिएका छैनन् । शब्दभण्डार, अभ्यास, चित्र आदिको संयोजन सन्तुलित भएको देखिन्छ । नयाँ नेपाली श्रृङ्खलामा वाक्य गठनमा खासै ध्यान नदिएको, विषयवस्तुको संयोजन पनि सन्तुलित नभएको र नमुना अभ्यासमा विविधता नभएको निष्कर्ष निकालिएको छ ।

पौडेल (वि.सं. २०५९) द्वारा 'कक्षा दुईको मेरो नेपाली किताब र सरल नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन' नामक शोधपत्र तयार गरिएको छ । अध्ययन अनुसार विषयवस्तुका दृष्टिले दुबै पाठ्यपुस्तक भौतिक र सांस्कृतिक क्षेत्रलाई समेटेर निर्माण गरिएको छ । वाक्य सम्बन्धी अभ्यासहरू मेरो नेपाली किताबमा रहेका तर सरल नेपाली किताबमा सबै भाषिक सीपहरू समेटिएको तर मेरो नेपाली किताबमा सुनाइ र बोलाइ सीपको उल्लेख नगरिएको पहिलो किताब सामान्यतः पाठ्यक्रम अनुरूप देखिएको तर दोस्रोमा नदेखिएको, मेरो नेपाली किताबको आधार उपयुक्त छ भने सरल नेपाली किताब केही भद्दा देखिएको र दुबै पाठ्यपुस्तक विद्यार्थीको रूचि, क्षमता र स्तरअनुकुल नभएको कुरालाई निष्कर्षको रूपमा राखिएको छ ।

सुवेदी (वि.सं. २०६०) द्वारा 'कक्षा ५ को मेरो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन' नामक शोधपत्रमा पाठ्यपुस्तक निर्माणका आधारमा तुलना गरिएको छ । जसमा मेरो नेपाली किताब केही त्रुटि बाहेक पाठ्यक्रम अनुरूप रहेको तर

सजिलो नेपाली माला पूर्ण रूपमा पाठ्यक्रम अनुरूपता नरहेको, मेरो नेपाली किताबमा लेखाइ सीपका तुलनामा सुनाइ, बोलाइ र पढाइ सम्बन्धी भाषिक सीपहरू ओझेलमा परेका तर सजिलो नेपाली माला चाँहि सुनाइ र बोलाइ सीपका केही अभ्यास नै नभएको, विषयवस्तुको संकलनमा सरल र जटिलको क्रमलाई दुबैले महत्व नदिएको, भौगोलिक र सांस्कृतिक विविधतालाई खासै महत्व नदिएको, व्याकरण सम्बन्धी र वाक्यगठन सम्बन्धी त्रुटि दुबैमा रहेका, मेरो नेपाली किताब र सजिलो नेपाली किताब दुबैमा शब्दभण्डार र वाक्य संरचनाको दृष्टिले समान रहेको, मेरो नेपाली किताबको तुलनामा सजिलो नेपाली मालाको आवरण पृष्ठ, कागजको स्तर कलात्मक तथा राम्रो, छपाइका दृष्टिले पनि राम्रो भएको उल्लेख गरिएको छ । यस बाहेक दुबै पाठ्यपुस्तकको बँधाइ कमजोर, पाठ्यपुस्तक निर्माणमा विद्यार्थीको रूचि, उमेर र मनोवैज्ञानिक पक्षलाई सामान्यतः ध्यान दिए जस्तो भए पनि पूर्णतः प्रयोग नगरिएको, पाठहरूको संकलन, अभ्यासहरूको अवस्था, आकार आदिका दृष्टिले विद्यार्थीको स्वभाव, पारिवारिक अवस्था, तल्लो कक्षाको निरन्तरता र आम नेपालीको आर्थिक अवस्थालाई पाठ्यपुस्तक निर्माताहरूले ध्यान पुऱ्याउन नसकेको निष्कर्ष निकालिएको छ ।

बराल (वि.सं. २०६१) द्वारा 'कक्षा ७ को महेन्द्रमाला र हाम्रो नेपाली किताबको तुलनात्मक अध्ययन' नामक शोधपत्र मुख्यतः पुस्तकालयीय विधिको प्रयोग गरी पाठ्यपुस्तक अध्ययन विश्लेषणका आधारमा तुलना गरिएको छ । उक्त अध्ययनमा महेन्द्रमाला भाषाका चारवटै सीप समेट्न, सिर्जनात्मक क्षमता अभिबृद्धि गराउने, मनोरञ्जन र विद्यार्थीलाई सक्रिय पार्ने खालका अभ्यासहरू छैनन् भने बालमनोविज्ञान, बालरूचि, भाषिक प्रस्तुति वा शैलीका दृष्टिले हाम्रो नेपाली किताबका पाठहरू सरल छन् । दुबै पाठ्यपुस्तकको शुरूमा कविता राखिएको छ । जुन पछाडि राखिएका भन्दा अपठ्यारा छन् । त्यस्तै पाठ्यक्रम अनुसार महेन्द्रमाला किताबमा शब्दभण्डार कम छ भने हाम्रो नेपाली किताबमा बढी छ । शब्दकोश प्रयोग गर्ने तरिका, पाठको अन्त्यमा सिर्जनात्मक अभ्यास हाम्रो नेपालीमा छ भने महेन्द्र मालामा छैन भन्ने निष्कर्ष निकालिएको छ ।

ज्ञवाली (वि.सं. २०६२) द्वारा 'कक्षा तीनको मेरो नेपाली किताब, नयाँ नेपाली श्रृङ्खला र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन' नामक शोधपत्र तयार पारेको देखिन्छ । उक्त पाठ्यपुस्तकहरूमा रहेका सबल र दुर्बल पक्ष पहिल्याउने र पाठ्यक्रम अनुसार पाठ्यपुस्तक छ या छैन भनी पत्ता लगाउने उद्देश्य राखेर विभिन्न विशेषज्ञद्वारा तयार पारिएको राम्रो

पाठ्यपुस्तकमा हुनुपर्ने गुणका आधारमा पुस्तकालयीय विधि प्रयोग उक्त शोधपत्र तयार पारिएको हो । उक्त शोधपत्रमा प्रस्तुत गरिएको निष्कर्ष अनुसार मेरो नेपाली किताब र नयाँ नेपाली श्रृङ्खलामा घर-परिवार, छिमेक, समुदाय, सरसफाइ जस्ता विषय क्षेत्रको प्रतिनिधित्व हुन नसकेको, सजिलो नेपाली मालामा चाडपर्व र उत्सव जस्ता विषय क्षेत्रको प्रतिनिधित्व हुन नसकेको कुरा उल्लेख भएको छ ।

घिमिरे (वि.सं. २०६६) द्वारा 'कक्षा ५ को मेरो नेपाली किताब र शुभारम्भ नेपाली लहर-५ तुलनात्मक अध्ययन' नामक शोधपत्रमा पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण आधारहरूका आधारमा तुलना गरी निर्माण गरिएको छ । दुबै पाठ्यक्रम अनुरूप तयार भए पनि शब्दभण्डारका आधारमा पाँचसय वटा नयाँ शब्द सिकाउने भनी पाठ्यक्रमले उपेक्षा गरेको दुबै पाठ्यपुस्तकले सुनाइ, बोलाइ र पढाइलाई भन्दा लेखाइ सीपलाई जोड दिएको, दुबै पुस्तकमा बालमनोविज्ञानलाई बुझेर विषयवस्तु चयन नगरिएको मूल्यका दृष्टिले शुभारम्भ नेपाली लहर केही महँगो भएकाले शब्दको प्रयोग गर्ने तरिका हाम्रो नेपाली किताबमा मात्र रहेको, आकर्षणका दृष्टिले शुभारम्भ नेपाली लहर नै उत्कृष्ट रहेको, भाषा तत्वका आधारमा मेरो नेपाली किताब शुभारम्भ नेपाली लहर भन्दा राम्रो र पाठ्यक्रम अनुरूप भएको जस्ता निष्कर्ष निकालिएको छ ।

वर्तमान समयमा निजी क्षेत्रबाट पाठ्यपुस्तक प्रकाशित गर्ने लहर चलेको स्पष्ट देख्न सकिन्छ । विभिन्न प्रकाशनबाट प्रकाशित पाठ्यपुस्तकको सुक्ष्म अध्ययन विश्लेषण गरी कमिकमजोरीहरूलाई सुधार्न आवश्यकहरू प्रस्तुत गरेर स्तरीय बनाउँदै लैजान आवश्यक छ । पाठ्यक्रम अनुसार पाठ्यपुस्तक तयार हुने भएकाले पाठ्यक्रम निर्माताहरूले पाठ्यक्रमलाई समयानुकुल संशोधन गरेर सिकारूको स्तर अनुकुल बनाउँदै लैजानुपर्छ र सोही अनुसार पाठ्यपुस्तक निर्माण गरिनुपर्छ । त्यसो भएमा मात्र पाठ्यक्रमले अपेक्षा गरेको उद्देश्य प्राप्त हुन सक्छ । त्यसै कुरालाई केन्द्रित गरी यो शोध तयार गरिएको छ ।  उपयुक्त सर्वेक्षण अनुसार कक्षा चारको नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण भएको पाईदैन् । यसर्थ यस शोध प्रस्ताव मा कक्षा चारका उपयुक्त भाषा पाठ्यपुस्तकहरू निर्माण सिद्धान्त अनुरूप तयार छन कि छैनन् ? भाषिक सीप विकासमा कतिको सहयोगी पक्षहरू रहेका छन् ? यिनीहरूका के-कस्ता सबल र दुर्बल पक्षहरू रहेका छन् भनी अध्ययन गरी निष्कर्ष निकालिएको छ ।

## २.२ अध्ययनमा पूर्वकार्यको उपयोगिता

अनुसन्धानकर्ताले अनुसन्धान गर्न लागेको विषय र शीर्षकसँग सम्बन्धित कार्यहरू त्यसभन्दा अगाडि के-कस्ता खोज, अनुसन्धान र लेखनकार्य भएका छन् तिनीहरूलाई पूर्वकार्य भनिन्छ । यसरी अनुसन्धानकर्ताले आफूले गर्न लागेको अनुसन्धान कार्यलाई पूर्वकार्यसँग तुलना गरेर विशिष्ट, मौलिक र नवीन एवम् औचित्य साबित गर्ने कार्य पूर्वकार्यको समीक्षाबाट नै हुने गर्दछ । यसका अतिरिक्त अनुसन्धानकर्ताले गर्न लागेको अनुसन्धान कार्य कत्तिको नयाँ वा पुरानो हो ? महत्वपूर्ण वा महत्वहीन छ ? भन्ने कुराको जानकारी मिल्दछ । पूर्वकार्यको समीक्षा अनुसन्धान प्रस्तावको एउटा अत्यन्त महत्वपूर्ण अङ्ग हो । त्यसैले पूर्वकार्यबाट अनुसन्धानको औचित्य र महत्वलाई स्थापित गर्नका लागि मद्दत गर्दछ ।

पूर्वकार्यबाट अनुसन्धानका लागि उद्देश्य, परिकल्पना, अनुसन्धान पद्धतिको छनौट र पहिचानमा मद्दत पुग्ने, समस्याको वास्तविक पहिचान गर्न सकिने, अनुसन्धेय शीर्षकको औचित्य सिद्ध गर्न, सम्बन्धित विषयमा गहन ज्ञान प्राप्त हुने, अनुसन्धानको विषय छनौटबाटै सुरू भएर अन्त्यसम्म नै महत्वका साथ रहिरहने यो अङ्गले अनुसन्धान कार्यमा पुरानो सिद्धान्त र कार्यपद्धतिको निरूपण गरेर अनुसन्धेय विषयमा मौलिक योगदान दिन्छ । त्यसैले अनुसन्धानलाई मौलिक, विशिष्ट र नवीन बनाउनका लागि अनुसन्धानमा पूर्वकार्यको उपयोगिताको अपरिहार्यता रहन्छ (न्यौपाने, २०६७:८६) ।

यस अनुसन्धान कार्यका लागि यस भन्दा अगाडिका अनुसन्धानकर्ताहरूको अनुसन्धानले पूर्वकार्यको रूपमा सहयोग प्रदान गर्दछ । जस्तैः आचार्य वि.सं. २०५८ द्वारा ‘कक्षा १ र २ को सजिलो नेपाली माला र नयाँ नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन’ नामक शोधपत्रमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ र भाषा पाठ्यपुस्तकमा हुनुपर्ने विशेषताहरूलाई उद्देश्यको रूपमा राखेर गरिएको उक्त अध्ययनमा दुबै भाषा पाठ्यपुस्तकको बारेमा अध्ययन विश्लेषण गरिएको छ । दुबै भाषा पाठ्यपुस्तकको सबल र दुर्बल पक्षहरू पहिल्याइ, भाषा पाठ्यपुस्तकमा हुनुपर्ने विशेषताका आधारमा पाठ्यपुस्तक तयार गरिनुपर्ने निष्कर्ष निकालिएको यस अनुसन्धानले पूर्वकार्यको रूपमा यस शोध कार्यलाई सहयोग गरेको छ ।

## २.३ सैद्धान्तिक/धारणात्मक रुपरेखा

### २.३.१ भाषापाठ्यपुस्तकको सैद्धान्तिक परिचय

पाठ्यक्रमद्धारा अपेक्षित उद्देश्य प्राप्तिका लागि तयार गरिएको साधन नै पाठ्यपुस्तक हो । भाषा पाठ्यक्रमको मुल मर्मलाई आत्मसात गरी तयार पारिएको पाठ्यपुस्तकका रूपमा चिनाउन सकिन्छ । यो शिक्षण सिकाइको महत्वपूर्ण र आधिकारिक सामग्री पनि हो । यसमा भाषा पाठ्यक्रमको अपेक्षा अनुरूपका भाषिक पाठ्यांशहरूलाई विद्यार्थीको स्तर, अनुभव र सिकाइ आवश्यकता ख्याल गरी संगठित गरिएको हुन्छ । भाषा पाठ्यक्रम भाषा शिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भने भाषापाठ्यपुस्तक भाषा पाठ्यक्रमका सैद्धान्तिक कुरालाई व्यावहारिक कार्यकलाप एवम् प्रक्रियामा ढालेर अपेक्षित उद्देश्य पूर्ति गर्न सहयोग गर्ने आधिकारिक एवम् भरपर्दो सामग्री हो । वास्तवमा यसको लोकप्रियतालाई मध्यनजर गरी यसलाई 'मुद्रित शिक्षक' समेत भन्ने गरिन्छ (अधिकारी र शर्मा २०६५: २४०) । भाषा पाठ्यपुस्तक भाषिक ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्ने उद्देश्यले तयार पारिएको हुन्छ । विद्यार्थीहरूको मानसिक एवम् बौद्धिक अवस्थालाई मध्यनजर गर्दै विविध विषयवस्तुका माध्यमबाट भाषिक सीप एवम् व्यवहारमा दक्ष बनाउने कार्यमा भाषा पाठ्यपुस्तक कोशेढुङ्गा साबित हुने देखिन्छ ।

हाम्रो जस्तो गरीब देशमा विद्यालयस्तरसम्म हुने अधिकांश कार्यकलापहरू भाषा पाठ्यपुस्तकमा नै निर्भर रहने प्रायः निश्चित छ । फेरि तालिम अप्राप्त शिक्षक एवम् दक्ष जनशक्तिको अभावका साथै पर्याप्त शिक्षण सामग्रीको अभावमा भाषा शिक्षणको मुल अभिष्ट पूरा गर्ने दायित्व भाषा पाठ्यपुस्तकले बहन गर्नुपर्ने देखिन्छ । त्यसैले भाषा पाठ्यपुस्तकलाई लिखित रूपमा रहेको भाषा शिक्षक अथवा भाषा पाठ्यक्रमकै पूरक विकल्पका रूपमा पनि अर्थ्याउन सकिन्छ । भाषा पाठ्यपुस्तक खासगरी भाषिक सीप र तह अनुसारका रचनात्मक अभ्यास र क्रियाकलापतर्फ उन्मुख हुनुपर्दछ ।

भाषा पाठ्यपुस्तकका बारेमा दिएका परिभाषाहरू त्यति पाइँदैनन् । त्यसैले पाठ्यपुस्तक सम्बन्धी विद्वानहरूले दिएका परिभाषाहरू पर्गेल्दै भाषा पाठ्यपुस्तकका परिभाषाहरू निक्यौंल गर्नुपर्दछ । पाठ्यपुस्तक सम्बन्धी केही परिभाषाहरू निम्नानुसार छन् ।

“पाठ्यपुस्तकमा कुनै निश्चित तहका विद्यार्थीहरूका लागि कुनै निश्चित विषयका पाठहरूको सङ्ग्रह गरिएको हुन्छ । यसर्थ पाठ्यपुस्तक विद्यालयमा प्रयोग गरिने त्यो स्तरीय किताब हो, जुन अलग-अलग विषयका हुन्छन् ”(लङ्म्यान डिक्स्नरी अफ कन्टेम्प्ररी इङ्ग्लिस १९९३:१०९५)।

गुण (१९५९:५६७:६८) का अनुसार “पाठ्यपुस्तक भनेको कुने निश्चित तहमा खास विषयको पाठयांशका लागि व्यवस्थित ढङ्गले तयार पारिएको अपेक्षित शिक्षण सिकाइमा प्रयोग गरिने प्रमुख स्रोत र सामग्री हो” ।

तनेजा (१९७३: ६) का अनुसार “पाठ्यपुस्तक भनेको शिक्षण सामग्रीहरूको एक प्रकार हो, जसले शिक्षण सिकाई प्रक्रियाका लागि साधनको काम गर्दछ । यो विद्यालय, महाविद्यालय, विश्वविद्यालय र घरमा पनि व्यापक रूपले प्रयोग हुने सर्वमान्य ढङ्गको शिक्षण सामग्री हो”।

“पाठ्यक्रममा आधारित रहेर तयार पारिने पुस्तक नै पाठ्यपुस्तक हो”, अधिकारी र शर्मा (२०५७: ५०) ।

ढुङ्गेल र दाहाल (२०५६: ५०) का अनुसार “भाषा पाठ्यपुस्तक पाठ्यक्रमद्धारा निर्धारित लक्ष्य पूरा गर्न आवश्यक शिक्षण सिकाई क्रियाकलाप सञ्चालनका लागि सहयोग गर्ने प्रमुख साधन हो” ।

“विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीहरूलाई औपचारिक तवरले पढाइने पुस्तक नै पाठ्यपुस्तक हो” बृहत्त नेपाली शब्दकोश (२०५२: ८१०) ।

माथिका विभिन्न परिभाषाहरूका आधारमा निष्कर्षमा के भन्न सकिन्छ भने पाठ्यपुस्तक भनेको पाठ्यक्रममा उल्लेख गरिएका उद्देश्यहरू पूरा गर्न सिकारूका आवश्यकतालाई सम्बोधन गर्न, नवीन विषयको जानकारी दिन तथा योजनाबद्ध शिक्षण गर्न सहयोग गर्ने आधिकारिक एवम् महत्वपूर्ण सामग्री हो । यसलाई विद्यालय तहको औपचारिक शिक्षण तथा सन्दर्भतः अनौपचारिक शिक्षण सिकाइ समेतको एउटा भरपर्दो व्यवस्थित एवम् सर्वाधिक महत्वपूर्ण शिक्षण सामग्रीका रूपमा पनि चिनाउन सकिन्छ ।

### २.३.२ भाषापाठ्यपुस्तक र अन्य पाठ्यपुस्तकमा फरक

**तलिका नं. १**

| क.सं. | भाषा पाठ्यपुस्तक | क.सं. | अन्य पाठ्यपुस्तक |
|---|---|---|---|
| १. | भाषा साधन र साध्य दुबै हो । | १. | भाषा साधन र विषयवस्तु साध्य । |
| २. | विविध विषयक्षेत्रमा प्रयुक्त हुने भाषिक सीप र समझको विकास गराउनु । | २. | सम्बन्धित क्षेत्रको वैषयिक ज्ञान गराउनु । |
| ३. | बहुविधात्मक विशेषता । | ३. | एक विधात्मक शैली । |
| ४. | वस्तुपरक, भावात्मक, आत्मपरक तथा आलङ्कारिक शैली । | ४. | वस्तुपरक अभिधात्मक शैली । |
| ५. | साहित्यिक र साहित्येत्तर दुबै अभिव्यक्ति । | ५. | साहित्येत्तर भाषिक अभिव्यक्ति । |
| ६. | पाठ प्रस्तुतिमा विविधता । | ६. | पाठ प्रस्तुतिमा एकरुपता । |
| ७. | अभ्यासात्मक असीमितता र बहुलता । | ७. | अभ्यासात्मक सीमितता र एकता । |
| ८. | वैषयिक पहिचानात्मकता, तार्किकता र प्रयोगातात्मकताका साथै भाषिक सीपपरक सृजनात्मकता, मौलिकता र उत्पादनात्मकता । | ८. | वैषयिक पहिचानात्मकता र केही हदसम्म तार्किकता र प्रयोगातात्मकता । |
| ९. | भाषात्व एवं व्याकरणात्मक अभ्यासको अपरिहार्यता । | ९. | भाषात्व व्याकरणात्मक अभ्यासको शून्यता । |
| १०. | प्रत्यक्षरुपमा विविध विषय क्षेत्रका सामान्य एवं प्राविधिक शब्दभण्डार तथा संरचनामा जोड । | १०. | गौणरुपमा सम्बन्धित विषयक्षेत्रको शब्दभण्डार र संरचनामा जोड । |

**निष्कर्ष**

माथिका विभिन्न फरकहरूका आधारमा निष्कर्षमा के भन्न सकिन्छ भने, भाषा पाठ्यपुस्तक, विषयवस्तु, सीप र व्याकरणको समान्यात्मक रूप, भाषिक सीप एवं समझ र अभ्यासको विकास गर्ने आधिकारिक एवं महत्वपूर्ण सामग्री हो भने अन्य पाठ्यपुस्तक सम्बन्धित क्षेत्रको विषयवस्तुको ज्ञान लिनु, विषयवस्तुको बोझलाई तथ्यपरक रूपले समावेश गरिएको अभ्यासलाई अनिवार्य नठान्ने सामग्रीका रूपमा लिन सकिन्छ ।

## २.३.३ भाषापाठ्यपुस्तक अध्ययन विश्लेषणका आधारहरू

**विषय प्रवेश**

भाषा पाठ्यपुस्तकलाई दुई आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ ती हुन् : आन्तरिक वा शैक्षिक र बाह्य वा भौतिक आधार, आन्तरिक आधार अन्तर्गत विषयवस्तु, विधा तथा प्रस्तुति, भाषिक संरचना, शैली र शब्दभण्डार, नमुना अभ्यास, चित्र, भूमिका तथा निर्देशन आदि पर्दछन् । बाह्य आधार अन्तर्गत पाठ्यपुस्तकको आवरण पृष्ठ, आकार, छपाइ, बँधाइ, कागजको स्तर, मूल्य आदि पर्दछन् । यिनीहरूको चर्चा तल गरिने छ ।

### २.३.३.१ आन्तरिक वा शैक्षिक आधार

**क) विषयवस्तु**

भाषा पाठ्यपुस्तकमा विषयवस्तुको छनौट गर्दा पाठ्यक्रम, विषयगत विविधता, विद्यार्थीको स्तर, उमेर एवम् पूर्वअनुभवलाई ख्याल गर्नुपर्ने हुन्छ । विषयवस्तु उनीहरूको मानसिक क्षमता एवम् अनुभव क्षेत्र भित्रको हुनुपर्दछ । यसले नैतिक, चारित्रिक मूल्य मान्यतालाई आत्मसात गर्नुपर्दछ । देशभक्ति, भातृत्व, लैङ्गिक समानता, श्रमप्रतिको आस्था आदिलाई समेट्नु पर्दछ । त्यसैगरी भाषा पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तु रूचिपूर्ण, सूचनामूलक, प्रयोगात्मक, सीपमूलक एवं व्यवहारिक हुनुपर्दछ ।

**ख) प्रस्तुतिकरण**

भाषा पाठ्यपुस्तकमा विधागत विविधता हुनुपर्दछ । उक्त विधाहरूको सम्बन्धलाई पनि ख्याल गर्नुपर्दछ । भाषिक सीपको अभ्यासका लागि विधागत विविधता र तिनको प्रस्तुति महत्वपूर्ण ठहर्दछ । साहित्यिक र साहित्येतर दुबै क्षेत्रका विषयवस्तुलाई विधागत स्वरूपमा बाँधी शिक्षण सिकाइमा रोचकता र नवीनता ल्याउनु वाञ्छनीय ठहर्दछ । विद्यार्थीहरूको उमेर, रूचि, स्तर एवं तह जस्ता कुराहरूलाई मध्यनजर गरी विषयवस्तु चयन गर्नुपर्दछ । तल्ला कक्षा र माथिल्ला तहका कक्षामा वितरण गरिने विधामा तिनको प्रस्तुति, संरचना, लम्बाइ, जटिलता आदि पक्षहरूमा सूक्ष्म रूपले ध्यान पुऱ्याउनु पर्दछ । तल्ला तहका कक्षामा छोटा गीत एवं लयात्मक कविता, स-साना लोककथा, चार-पाँच अनुच्छेद सम्मका प्रबन्धहरू वितरण गर्नुपर्दछ । क्रमशः माथिल्ला तहका कक्षाहरू कविता, कथा, प्रबन्ध, निबन्ध, जीवनी, संवाद, वादविवाद जस्ता विधाहरूको संरचना र प्रस्तुतिलाई कस्दै लैजानु उचित हुन्छ ।

**ग) भाषिक संरचना, शैली र शब्दभण्डार**

कुनै पनि भाषिक संरचनाको स्तर त्यसमा प्रयुक्त शब्दहरूको सरलता र जटिलतामा निर्भर गर्दछ । अत्याधिक सर्वनाम र संयोजकहरूले भाषालाई जटिल बनाउँछ । त्यसैगरी असमापिका क्रियाहरूको प्रयोग गरी बनाइएका जटिल एवं सघन वाक्यहरूले भाषालाई दुर्बोध्य बनाउँछन् । यसका साथै आलङ्कारिक एवं प्रतीकात्मक शैलीको ज्यादा उपयोगले पनि भाषिक सरलतामा ह्रास ल्याउने गर्दछ । यस्तो किसिमको शैली उच्च तहका लागि उपयुक्त भएतापनि तल्ला तहका कक्षाका लागि भने त्यत्ति उपयुक्त हुँदैन ।

भाषा पाठ्यपुस्तकको भाषा विद्यार्थीको स्तर एवं क्षमताअनुरूप सरल, व्यावहारिक तथा रूचिपूर्ण हुनुपर्दछ । प्रारम्भिक तहका सुरूका कक्षाहरूमा बढीमा तीन/चार वटा शब्दद्वारा संरचित वाक्य संरचना र पछिल्ला तहका कक्षाहरूमा आइपुग्दा १०/१२ वटा शब्दले बनेका वाक्य संरचना भएको भाषा प्रयोग गर्नु उचित हुन्छ । प्रारम्भिक तहबाट उकालो लागेपछि क्रमशः नजानिदो तवरले जटिल संरचना र शैलीको उपयोग गर्दै लैजानु उपयुक्त हुन्छ । विधागत विविधता, विशिष्टता तथा शैलीगत विविधता सिकाउने आवश्यकतालाई मध्यनजर गरी भाषालाई क्रमशः स्तरीकृत गर्दै लैजानुपर्दछ ।

शब्दभण्डार भाषिक सीप विकासको महत्वपुर्ण पक्ष हो । भाषिक बोध एवं अभिव्यक्तिगत क्षमताको अभिवृद्धि गर्न शब्दभण्डार क्षमताको बृद्धि गर्नु पूर्वावश्यक शर्त पनि हो । विद्यार्थीको स्तर, क्षमता एवं तह अनुरूपका शब्दभण्डारलाई नियन्त्रित रूपमा राख्नुपर्छ । पूर्वअनुभवसँग सम्बन्धित शब्दहरूका साथमा थोरै कठिन शब्दहरूको संयोजन गरी पाठ तयार गर्नुपर्दछ । भाषा पाठ्पुस्तकमा ८०% सजिला र २०% नयाँ शब्दहरू प्रयोग गर्नुपर्दछ । विषयवस्तुको प्रकृति अनुरूप शब्द प्रयोगमा विविधता हुनुपर्दछ । फेरि जतिजति नयाँ शब्दहरू थपिँदै लगिन्छ त्यतित्यति नै तिनको सान्दर्भिक पूनरावृत्ति र प्रयोगमा पनि बढाउँदै लैजानुपर्दछ । सुरू-सुरूमा आधारभूत शब्द त्यस पछि स्तर बृद्धिसँगै संरचनात्मक शब्दहरूको प्रयोग गर्दै जानुपर्दछ । स्तर बृद्धि हुँदै जाँदा तत्सम, तद्भव शब्द र लोकोक्ति एवं उखान टुक्काको प्रयोग गर्दै जानुपर्दछ । कुनै पाठमा अत्याधिक एवं शब्द थप्ने र कुने पाठमा एउटा पनि नयाँ शब्द नथप्ने गर्नुहुँदैन ।

**घ) अभ्यास**

नमुना अभ्यास भाषा पाठ्यपुस्तकको अभिन्न अङ्ग हो । भाषिक सीप विकास नै भाषा पाठ्यपुस्तकको मुख्य उद्देश्य हो । फेरि सीप विकासमा अभ्यासको महत्वपूर्ण स्थान हुने भएकाले भाषा पाठ्यपुस्तकमा अभ्यासको केन्द्रीय स्थान रहन्छ । अभ्यासका दृष्टिले महत्वपूर्ण र पर्याप्त अभ्यासात्मक विविधता नसमेट्ने भाषा पाठ्यपुस्तक भाषिक सीप विकासका दृष्टिले उपयुक्त मानिँदैन । भाषाको प्रकार्यात्मक अथवा सम्प्रेषणात्मक उपयुक्तता र सान्दर्भिकता सम्बन्धी व्यावहारिक ज्ञान र सीप अभ्यासबाटै प्राप्त हुने गर्दछ । विधागत विविधता अनुरूप भाषा प्रयोगका विशिष्ट क्षेत्रहरूमा विद्यार्थीहरूलाई सामेल गराउन भाषिक अभ्यास महत्वपूर्ण हुन्छ । अभ्यासको छनौट एवं स्तरणमा पनि विद्यार्थीको स्तर, क्षमता, रूचि एवं सिकाइ सिद्धान्तलाई ध्यान दिनुपर्दछ । सरलदेखि जटिलताको क्रममा अभ्यास स्तरीकृत हुनुपर्दछ । पहिचानात्मक प्रकृतिका मात्र नभई प्रयोगात्मक एवं उत्पादनात्मक किसिमका अभ्यासको तालमेल भाषा पाठ्यपुस्तकमा हुनुपर्दछ । समग्रमा भन्नुपर्दा भाषा पाठ्यपुस्तकका नमुना अभ्यास विविधतापूर्ण, सीपपरक, रूचिपूर्ण, सिर्जनात्मक एवं व्यावहारिक हुनुपर्दछ ।

**ङ) चित्र**

भाषा पाठ्यपुस्तकमा पनि अन्य पाठ्यपुस्तकमा जस्तै चित्रको प्रयोग उपयुक्त मानिन्छ । कुनै पनि कुराको स्पष्ट धारणा बसाल्न चित्रको प्रयोग उपयोगी देखिन्छ । यसका साथै

वर्णनात्मक क्षमता, सुक्ष्म दृष्टिकोणको अभिबृद्धि एवं अनुकरणात्मक सीप र कलाको प्रवर्द्धनमा भाषा पाठ्यपुस्तकका चित्रहरूको योगदान महत्वपूर्ण हुन्छ । शिक्षण सिकाइमा रोचकता एवं प्रभावकारिता ल्याउनका साथै सरल ढङ्गले भाषिक धारणा र अर्थबोध गर्न भाषापाठ्यपुस्तकका चित्र उपयोगी हुन्छन् । तल्ला तहका कक्षाहरूको लागि निर्मित भाषापाठ्यपुस्तक आवश्यकता हेरी चित्रहरूको उपयोग गर्नुपर्दछ । चित्रको आकार र प्रभावकारिता भने सँधै सचेतता अपनाउनु पर्दछ । तल्ला तहका भाषा पाठ्यपुस्तकमा चित्रहरू रङ्गीन हुनुका साथै आकारगत हिसाबले पनि ठूला हुनुपर्दछ । माथिल्ला कक्षामा गएपछि भने क्रमशः स-साना र श्यामश्वेत चित्रको प्रयोग गर्नुपर्दछ । भाषा शिक्षणको कक्षालाई रोचक एवं उद्देश्यपूर्ण बनाउन चित्रहरू महत्वपूर्ण सामग्री बन्दछन् । चित्रहरू स्पष्ट, उपयुक्त आकारका, आकर्षक र उद्देश्यपरक हुनुपर्दछ । हजार शब्दको प्रतिनिधित्व एक चित्रले गर्न सक्छ भन्ने भनाइ अनुसार चयन गर्नुपर्दछ ।

**च) भुमिका तथा निर्देशन**

भाषापाठ्यपुस्तकका ठाउँ-ठाउँमा सम्बन्धित पक्षलाई शैक्षणिक निर्देशन दिएको हुनुपर्दछ । यस्तो निर्देशन भुमिका, वक्तव्य, अभिभावक वा शिक्षकलाई अनुरोध, प्रकाशकीय आदिका नामबाट दिइन्छ । यसैका आधारमा निर्दिष्ट पाठ कसरी वा कुन उद्देश्यले शिक्षण गर्नुपर्दछ भनेर थाहा पाउन सकिन्छ । यस्तो निर्देशन भाषाशिक्षणलाई सघाउ पुऱ्याउने किसिमको तथा व्यवहारिक हुनुपर्दछ ।

**२.३.३.२ बाह्य तथा भौतिक पक्ष**

**क) आवरण पृष्ठ**

पाठ्यपुस्तकलाई सुरक्षित गराउने भएकाले आवरण पृष्ठ बलियो, दरो र बाक्लो खालको हुनुपर्दछ । मुखावरण पृष्ठ र अन्त्यावरण पृष्ठ गरी आवरण पृष्ठ पुस्तकको दुई तर्फ हुन्छ । मुखावरण पृष्ठमा विद्यार्थीलाई पढाइप्रति अभिप्रेरित गराउने र शैक्षिक उद्देश्य झल्काउने खालका चित्र हुनुपर्दछ । घामपानी र शीतले असर नगर्ने, चित्रको रङ्ग नउड्ने खालको हुनुपर्दछ । त्यसकारण आवरण पृष्ठलाई प्लाष्टिक लेमिलेसन गर्नु अझ राम्रो हुन्छ । मुखावरणमा छापिएका अक्षरहरू टाढाबाट पनि सजिलै पढ्न सकिने खालको हुनुपर्दछ । त्यसमा लेखिएको पुस्तकको शीर्षक छोटो र छरितो हुनु उपयुक्त हुन्छ । अन्त्यावरण पृष्ठमा देशभक्ति नैतिकता, ईश्वरीय आस्था र सिर्जनात्मकता उत्पन्न गर्ने खालका कक्षा सुहाउँदा गीत वा कक्षा गान हुनु राम्रो हुन्छ ।

**ख) आकार**

भाषा पाठ्यपुस्तकको आकार विद्यार्थीको स्तर सुहाउँदो हुनुपर्दछ । खासगरी विद्यार्थीहरूलाई बोक्न सजिलो हुने किसिमले भाषापाठ्यपुस्तकको आकार छनौट गर्नुपर्दछ । एक ठाउँबाट अर्को ठाउँमा लैजान र झोलामा सजिलो किसिमले राख्न सकिने हुनुपर्दछ । प्राथमिक तथा निम्न माध्यमिक तहका लागि १०/१२ चौडाइ र १४/१६ लम्बाइ भएका किताब व्यावहारिक आकारका हुन्छन् ।

**ग) छपाइ**

छपाइ अन्तर्गत पाठशीर्षक, उपशीर्षक, पाठको मुख्य भाग, अभ्यास तथा चित्रहरूलाई रङ्ग वा मसीको वितरणको मात्रा आदि पर्दछन् । कुनै पनि शब्द, पदावली वा वाक्यलाई प्रभावपरक चिनारीका लागि पनि गाढा, चहक, रेखाङ्कित गरेर तथा अन्य कुनै विकल्प अपनाएर अन्य भन्दा छुट्टै बनाउनुपर्दछ । शीर्षक, उपशीर्षक, सङ्केत आदिलाई गाढा चहक दिएर छाप्नु पर्दछ । मसी फुल्ने र तत्कालै उड्ने किसिमको प्रयोग गर्नुहुँदैन् । त्यसैगरी कागजको दुबै छेउमा उपयुक्त ठाउँ छोडाइ हुनुपर्दछ । वर्णविन्यास शुद्धि र व्याकरणात्मक शुद्धिमा बिल्कुलै त्रुटि गरिनु हुँदैन् ।

**घ) बँधाइ**

भाषापाठ्यपुस्तकको बँधाइ बलियो र मजबुत हुनुपर्दछ । कागजलाई बलियो धागोले सिएर बलियो स्टेपल पिन प्रयोग गरेर गम अथवा फेविकलले बलियो गरी टाँसेर दरो बँधाइ गर्नु पर्छ । खास गरी नि.मा.वि. कक्षाका बालबालिकाले प्रयोग गर्ने पुस्तकलाई धागोले भन्दा स्टेपल पिन लगाएको हुनुपर्दछ । यसरी बँधाइ गर्दा सबै पाना राम्रोसँग पल्टाउन सकिने, अक्षर नछोपिने कुरामा ख्याल गर्नुपर्दछ ।

**ङ) कागजको स्तर**

भाषापाठ्यपुस्तकमा प्रयोग गरिने कागज चिल्लो, सेतो, बाक्लो र बलियो हुनुपर्दछ । एकातर्फ छापिएको कुराले अर्कोतर्फ छापिएको अक्षरलाई बाधा पुऱ्याउने हुनुहुँदैन । माथिल्ला कक्षाका पाठ्यपुस्तकमा प्रयोग गरिने कागज भन्दा तल्ला कक्षाका पाठ्यपुस्तकमा प्रयोग गरिने

कागजको स्तर राम्रो हुनुपर्दछ । सामान्य प्रयोगमा नै दोब्रिने, भाँचिने, च्यातिने र सड्ने कागजले विद्यार्थीको पढ्ने, अभ्यास गर्ने र पाठ्यपुस्तकसँग खेलिरहने रहर र उत्साहमा शिथिलता ल्याउँछ ।

**च) मूल्य**

पाठ्यपुस्तक नाफा कमाउने उद्देश्यले प्रकाशन गर्नुहुँदैन । सर्वसाधारण जनताको पँहुच पुग्ने किसिमले पुस्तकको मूल्य निर्धारण गर्नुपर्दछ । पाठ्यपुस्तकको मूल्य मुनाफारहित लगानी खर्च उठाउने उद्देश्यले मात्र न्यूनतम मात्रामा निर्धारण गर्नुपर्दछ । अझ सकिन्छ भने सरकारी वा गैरसरकारी अनुदान जुटाएर निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाए धेरै राम्रो हुन्छ । निःशुल्क वितरण गर्न नसके पनि सर्वसाधारण अभिभावकको क्रयशक्ति र राष्ट्रिय दायित्व समेतलाई विचार गरेर न्यूनतम मूल्यमा पाठ्यपुस्तक उपलब्ध गराउने प्रयास गर्नुपर्दछ ।

# अध्याय तिन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अनुसन्धान कार्यका लागि खासगरी पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । निर्दिष्ट पाठ्यपुस्तकको तुलनात्मक अध्ययन यसको मुख्य उद्देश्य भएकाले तुलनात्मक विधिको प्रयोग गरिएको छ । निर्दिष्ट पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गर्दा हरसम्म सङ्क्षिप्तता र वस्तुगतता हुनेछ । साथै वर्णनात्मक विधिका आधारमा समेत विश्लेषण गरिएको छ ।

## ३.२ तथ्याङ्क सङ्कलनका स्रोत

यस अनुसनधान कार्यका लागि खासगरी तथ्याङ्क सङ्कलनका स्रोतहरूमा प्राथमिक र द्वितीयक दुबै स्रोतको प्रयोग गरिएको छ ।

अनुसन्धानलाई वैध, प्रामाणिक र विश्वसनीय बनाउन तथ्याङ्क सङ्कलन गर्नुपर्ने हुन्छ र यसको विशेष भूमिका हुन्छ । यस्ता सामग्रीका प्रकार तथा सामग्री प्राप्त गर्ने स्रोतहरुका बारेमा सम्यक ज्ञानको उपयोग गरिएको छ र मूलतः सामग्री सङ्कलनका स्रोतहरु प्राथमिक स्रोत र द्धितीयक स्रोतको प्रयोग गरिएको छ ।

प्राथमिक स्रोत अन्तर्गत शोधसँग सम्बन्धित उपयोग गरी शोधलाई यथार्थको नजिक पुऱ्याउने प्रयत्न गरिनेछ । त्यस्तै द्धितीयक स्रोतको रुपमा तुलना गरिएका पुस्तकहरु र अन्य सन्दर्भ र सहयोगी पुस्तकहरु अध्ययन आदि प्रमुख द्धितीयक स्रोतहरु सङ्कलन गरी अध्ययन गरेर यो अनुसन्धानलाई बढी विश्वसनीय र वस्तुनिष्ठ बनाउने जमर्को गरिएको छ ।

प्राथमिक स्रोत : सर्वेक्षण, जनसम्पर्क, अन्तर्वाता, प्रश्नावली, अनुसूची, समस्या अध्ययन आदि ।

द्वितीय स्रोत : पत्रपत्रिका, पाठ्यपुस्तक, पाठ्यक्रम, सन्दर्भपुस्तक, शोध प्रतिवेदन समेतलाई अध्ययन गरी प्रयोग गरिनेछ । साथै प्राथमिक स्रोतलाई भन्दा द्वितीय स्रोत यस शोधकार्यका लागि बढी प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधन

यस शोधकार्यलाई वास्तविक र वस्तुनिष्ठ बनाउने साधनका रूपमा तालिकाको प्रयोग गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन विधि

यस शोधकार्यका लागि आवश्यकताअनुसार पुस्तकालयीय विधि, तुलनात्मक विधि र वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

अनुसन्धानलाई विश्वसनीय तथा वस्तुनिष्ठ बनाउनका निम्ति तथ्याङ्क सङ्कलन गरी उक्त तथ्याङ्कहरुको विश्लेषणमा आवश्यक पर्ने विभिन्न भाषिक चलहरुको समानता तथा असमानता छुट्याउन र निष्कर्ष निकाल्न सहयोग मिल्दछ । विधिहरुको प्रयोगमा अनुसन्धानकर्ता सचेत भएको छ । अनुसन्धानलाई एकपक्षीय बनाउन हरसम्भव प्रयास गरिएको छ । तसर्थ यस अनुसन्धानमा पुस्तकालय ग्रन्थ विश्लेषण विधिको प्रयोग गरी विश्लेषण गरिएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण विधि

यस शोध अध्ययनका शीर्षकको सीमामा रही कक्षा चारको नेपाली भाषापाठ्यपुस्तकमा समावेश गरिएका विधाहरूले पाठ्यक्रमलाई समेट्न सकेका छन कि छैनन पाठ्यक्रले तय गरेको क्षेत्रक्रमलाई समेटेको छ/छैन त्यस्ता कुराहरूको अध्ययन विश्लेषण तालिकीकरणको माध्यम द्धारा प्रस्तुत गरिनेछ । साथै तुलनात्मक, वर्णनात्मक एवं विश्लेषणात्मक रूपमा पनि प्रस्तुत गरिएको  छ ।

# अध्याय चार

## तथ्याङ्क/सामग्रीको व्याख्या विश्लेषण (परिणाम र छलफल)

### ४.१ भाषा पाठ्यक्रम अनुरुपताका दृष्टिले कक्षा ४ नेपाली पाठ्यपुस्तकको विश्लेषण

**विषय प्रवेश**

प्राथमिक तहको पाठ्यक्रम अनुरुप नेपाली भाषा पाठ्यपुस्तक कक्षा ४ अनुसार तयार भएको छ कि छैन भनी समीक्षात्मक अध्ययन प्रस्तुत गरिएको छ । यस अध्ययनमा प्राथमिक स्तरको नेपाली पाठ्यक्रमकका भाषिक सीप तथा उपलब्धिका क्षेत्र अनुरुप पाठ्यपुस्तक तयार गरिएको छ, छैन् भनी विश्लेषण गरिन्छ ।

#### ४.१.१ भाषिक सीपका आधारमा पाठ्यपुस्तक

भाषा पाठ्यक्रमले अन्य विषयवस्तुको जस्तो ज्ञानगुनका कुराहरु सिकाउने नभई भाषागत भाषिक सीपहरु (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) अभिवृद्धि गर्ने उद्देश्य राखी निर्माण भएको हुन्छ । भाषा पाठ्यपुस्तक त्यही उद्देश्य परिपूर्ति गर्ने खालका विषयवस्तु चयन गरी निर्माण भएको हुनुपर्दछ । यहाँ पाठ्यक्रमले तोकेको अनुसार भाषिक सीप आर्जन हुने खालका पाठ्यवस्तु पाठ्यपुस्तकमा छन् कि छैनन् भनी अध्ययन गरिन्छ । प्राथमिक तहको नेपाली विषयको पाठ्यक्रममा समाविष्ट कक्षा ४ कक्षागत उद्देश्यहरु राखिएको छ ।

**क) सुनाइ सीप**

- विभिन्न प्रकारका निर्देशनहरु सुनेर सोहीअनुसार गर्न ।
- कुनै विषयवस्तुको वर्णन, छलफल आदि ध्यानपूर्वक सुनेर तिनको अर्थ र आशय बुझी प्रतिक्रिया जनाउन ।
- बालकथा, बालगीत, कविता आदि आनन्द लिने गरी सुन्न ।

**ख) बोलाइ सीप**

- शब्दहरु शुद्ध र स्पष्टसँग उच्चारण गरी स्वभाविक गतिका साथ बोल्न ।
- देखेसुनेका र अनुभव गरेका कुरा सिलसला मिलाई बताउन ।
- कुराकानी, छलफल आदिमा आफ्ना कुरा धक नमानी शिष्ट ढङ्गले राख्न ।

**ग) पढाइ सीप**

- नेपाली भाषामा लेखिएका सरल पाठ्यसामग्रीहरु गति र यति मिलाई स्पष्ट रुपमा पढ्न ।
- स-साना सूचना विवरण पढेर आशय बुझ्न ।
- सरल बालसाहित्यका रचनाहरु रुचि लिई पढ्न ।

**घ) लेखाइ सीप**

- ठीक दुरीमा बान्की मिलाएर अक्षर लेख्न ।
- देखेसुनेका र अनुभव गरेका कुराहरु सिलसिला मिलाई शुद्धसँग लेख्न ।
- आफ्नो अनुभवको सेरोफेरोका विषयमा छोटो लिखित रचना तयार गर्न ।

**तालिका नं. २**

| कक्षा ४ को सुनाइ सीपसम्बन्धी सिकाइ उपलब्धिहरु | विधा | पाठहरु |
|---|---|---|
| साधारण निर्देशन सुनेर पालन गर्न । | कथा | 'धनको घमन्ड, नीमको पात, दाजुभाइ र बुढाबा र पछुतो |
| सामान्य आसयगत अर्थको भिन्नता सुनेर प्रतिक्रिया व्यक्त गर्न । | रुपक | सत्यकामको अठोट |
| विशेष परिवेशमा हुने कुराकानी,वर्णन र छलफल सुनी प्रतिक्रिया जनाउन । | संवाद | बिहेको निम्तो, पशुपंक्षी र हाम्रो कर्तव्य |
| समूहमा काम गर्न निर्देशनहरु बुझ्न र पालन गर्न | कविता | गाउँछ गीत नेपाली, नौलाख तारा, पाप लाग्छ, लक्ष्य, आमा |

सुनाइ सीपका लागि बढी उपयोगी विधाहरु प्रायः कथा र जीवनी हुन् । साथै आवश्यकता हेरी रुपक तथा कविता विधालाई उपयोग गर्न सकिन्छ । जस्तै पृष्ठ ३ को अभ्यास ७ मा उदाहरणमा दिइए जस्तै गरी कविताबाट शब्द खोजेर लेख, कविताका पंक्ति पूरा गर, पृष्ठ ८ को अभ्यास ६ मा पढ र लेख, अभ्यास ८ मा क्रम मिलाइ लेख, पृष्ठ ६४

को अभ्यास ६ मा कसले कसलाई भनेको हो लेख, पढाइ लेखाइसंग सम्बन्धित देखिन्छन् । ती अभ्यासमा पाठ्यक्रमले निद्रिष्ट गरेका सुनेर व्यक्त गर्ने, विभिन्नता पहिल्याइ प्रतिक्रिया दिने, अपरिचित वातावरणमा कुराकानी र छलफल सुनी प्रतिक्रिया देखाउने जस्ता अभ्यासहरु पाठमा समावेश गरिएका छैनन् । ती बाहेक निराकरणात्मक अभ्यासहरुका रुपमा ध्वनि पहिचान वर्ण शब्द तथा वाक्य विभेदीकरण, श्रुतिबोध, विवादास्पद कुरा सुनी पहिचान गर्ने जस्ता अभ्यासहरु पनि पाठमा पर्याप्त मात्रामा समाविष्ट गरिएका छैनन् ।

उपयुक्त पाठहरु सुनाइसीपसंग प्रत्यक्ष रुपमा सम्बन्धित गरी अभ्यास गराउन सकिने हुँदा नमुनाका रुपमा लिइएका छन् । यस्ता अभ्यासहरु अन्य विधाका पाठहरुमा पनि समावेश गर्न सकिन्थ्यो तर त्यसो गरेको पाइएन् ।

### ४.१.२ बोलाइ

बोलाइलाई मान्छेका आफ्ना इच्छा तथा आवश्यकता व्यक्त भाषाको सरलतम उपाय मानिन्छ । बोलाइ भाषाको आधारभूत सीप हो । सर्वसाधारणका लागि भाषा भनेको बोलाइनै हो (अधिकारी हेमाङ्राज २०३९:४९) ।

**बोलाइ सीपसंग सम्बन्धित सिकाइ उपलब्धि र पाठ्यपुस्तकका पाठहरु**

**तालिका नं. ३**

| **कक्षा ४ का बोलाइ सीपका सिकाइ उपलब्धिहरु** | **विधा** | **पाठहरु** |
|---|---|---|
| - शिष्टाचारका शब्द प्रयोग गरी थाहा पाएका घटना, चित्र र वस्तुहरु वर्णन गर्न ।<br>- वातावरण र घटना र अनुभवको आधारमा प्रश्नोत्तर, वर्णन र छलफल गर्न ।<br>- नाटक र वादविवादमा बोल्न र औपचारिक उदघोषण गर्ने । | कथा | धनको घमण्ड, नीमको पात, बजा लौरी डाङडुङ, पछुतो, सत्य कामको अठोट |
| | संवाद | पशुपंक्षी र हाम्रो कर्तव्य, बिहेको निम्तो |
| | प्रबन्ध | स्वस्थ्य बनौं, बालबालिकाको अधिकार |

बोलाइ सीपका लागि आवश्यक विधाहरु कथा, जीवनी, रुपक, प्रबन्ध, आदि पर्दछन् । पाठ्यपुस्तकमा यी विधासंग सम्बन्धित विभिन्न पाठहरु समावेश गरिएका पाइन्छ । कथा विधाअर्न्तगत धनको घमण्ड, नीमको पात, बजा लौरी डाङडुङ, पछुतो , सत्य कामको अठोट पर्दछन् । त्यसै गरी प्रबन्ध अर्न्तगत स्वस्थ्य बनौं, बालबालिकाको अधिकार पर्दछन् । कक्षा ४ को भाषा पाठ्यपुस्तकमा समाविष्त यी पाठहरुबाट बोलाई सम्बन्धी उद्देश्यहरु परिपूर्ति गराउन सकिने खालका देखिन्छ । तर ती पाठहरुमा नमूना अभ्यास हेर्दा बोलाइसंग सम्बन्धित अभ्यासहरु पर्याप्त भएको पाइदैन् । बोलाइसंग सम्बन्धित अभ्यासहरुमा पाठ्यक्रमले राखेको स्वभाविक किसिमले सर्र बोल्न भन्ने उद्देश्य परिपूर्तिको लागि पाठ्यपुस्तकको पृष्ठ ९ को अभ्यास ५ मा शुद्ध संग उच्चारण गर, भनी दिएको छ । जसबाट शुद्ध स्पष्ट बोलाइ सीपको विकास हुने देखिन्छ ।

पाठ्यक्रमले थाहा पाएका घटना र चित्र र वस्तुहरुका बारेमा वर्णन गर्न भनी उद्देश्य राखेको पाइन्छ । यस उद्देश्य परिपूर्तिको लागि पाठ्यपुस्तकको पृष्ठ ४७ को अभ्यास ११ मा तलका चुटकिला पढ र तिमीले केही जानेका चुटकिला साथीलाई सुनाउ भनी दिइएको छ त्यस्तै पृष्ठ ७५ को अभ्यास १ र ५ मा तलका अनुच्छेद पढेर सोधिएका प्रश्नको जवाफ देउ भनी अभ्यास दिइएको छ । पृष्ठ २३ को अभ्यास ६ मा दिइएको छ भने त्यस्तै पृष्ठ ८० को अभ्यास ८ मा भित्ते पात्रो हेरी तलका प्रश्नको जवाफ देउ भनी अभ्यासमा दिइएको छ । यी अभ्यासहरुले केही हदसम्म त्यस्तै उखान टुक्काको प्रयोग गरी बोल्न भन्ने उद्देश्य परिपूर्तिको लागि पृष्ठ ७ मा टुक्कालाई वाक्यमा प्रयोग गर भनी दिइएको छ । यसैगरी पृष्ठ ९ मा टुक्कालाई दुई - दुई वाक्यमा प्रयोग गर भनी अभ्यास दिइएको पाइन्छ । यी अभ्यासले केही हदसम्म पूरा गर्ने देखिन्छ ।

यस अतिरिक्त बोलाइ सीपसंग विकास गर्न पाठ्यपुस्तकमा दिइएका अभ्यासहरु पूर्ण देखिदैंन् । यसका लागि कुराकानी, संवाद, घटना, वर्णन जस्ता अभ्यासहरु समावेश गर्नुपर्ने देखिन्छ ।

**४.१.३ पढाइ**

पढाइ भनेको लिपिबद्ध भाषामा उतारिको ज्ञान एवं सुचनालाई पाठकद्धारा आफ्ना मष्तिष्कले संगठित गर्ने सीप हो । लिपिबद्ध सामग्रीहरुबाट अर्थग्रहण गर्नु, अथवा लिपि

चिन्हद्वारा व्यक्त भएको कुराहरुलाई पाठकले आफ्नो अनुभव र ज्ञानका आधारमा ग्रहण गर्नु नै पढाइ हो (अधिकारी हेमाङ्राज २०३९:८३) ।

**पढाइसंग सम्बन्धित सिकाइ उपलब्धि र पाठ्यपुस्तका पाठहरु**

**तालिका नं. ४**

| **कक्षा ४ का पढाइ सीपसम्बन्धी सिकाइ उपलब्धीहरु** | **विधा** | **पाठहरु** |
| --- | --- | --- |
| - गति, यति र लय मिलाई स्पष्ट रुपमा पढ्न । | कविता | गाउँछ गीत नेपाली, नौलाख तारा, आमा, पाप लाग्छ , लक्ष्य |
| - स-साना सूचना विवरण पढ्रे आशय बुझ्न । - चिठीपत्र ,समाचार ,औषधिको | कथा | धनको घमण्ड, नीमको पात, दाजुभाइ र बुढाबा, बजालौरी डाङडुङ, पछुतो, सत्य कामको अठोट |
| बट्टासिसीमा लेखिएको र अन्य विवरण पढ्न । - बाल साहित्य रचनाहरु सस्वर र मौनरुपमा पढ्न । | रुपक प्रबन्ध | बिहेको निम्तो, पशुपंक्षी र हाम्रो कर्तव्य बालबालिकाको अधिकार, नरेशको यात्रा, बाग्मती नदी, बचत गर्ने बानी, स्वस्थ्य बनौं, आधुनिक सञ्चार |

कक्षा ४ को भाषा पाठ्यपुस्तकमा समावेश गरिएका प्रायः सबै पाठहरु पढाइसीपलाई विकास गराउन मद्दत गर्ने खालका देखिन्छन् । यी पाठहरुलाई सस्वर, मौन तथा द्रुतगतिमा पढी त्यस भित्र भन्न खोजिएको मूल कुरा वा भाव ग्रहण गर्न सके पाठ्यक्रमका उद्देश्य परिपूर्ति हुने देखिन्छ । तर पाठका अन्त्यमा दिइएका नमूना अभ्यासहरु हेर्दा पढाइ सीपसँग सम्बन्धित अभ्यासहरु पर्याप्त भएको पाइदैन् । पढाइसंग सम्बन्धित अभ्यासहरुमा पृष्ठ ८, ३८, ३९, ६० मा अर्थ लेख भनी दिइएको अभ्यासहरु पढाइबोधका लागि उपयुक्त देखिन्छ ।

यी अभ्यासहरुले बोध क्षमताको विकास गरी उच्चस्तरको पढाइ सीप वृद्धि गर्ने देखिन्छ । त्यस्तै पृष्ठ २८ अभ्यास ६ मा तल दिइएको अनुच्छेद मनमनै पढ र सोधिएका प्रश्नहरुको उत्तर देउ भनी र त्यस अनुच्छेद संग सम्बन्धित छोटो उत्तर आउने खालका प्रश्नहरु दिइएको छ । यसबाट पनि पढाइ सीपको विकास गर्न मद्दत मिल्न सक्ने देखिन्छ । त्यस्तै पृष्ठ १८ को अभ्यास १० मा तलका खाली ठाउँमा उपयुक्त शब्द भरेर कविता पुरा गरी पढेर सुनाउ भनी भनिएको छ । त्यस्तै पृष्ठ ४० का अभ्यास १५ मा तलको निमन्त्रणा पढी प्रश्नको जवाफ लेख, भनी दिइएको छ ।

यसरी यी अभ्यासहरु पाठ्यक्रमले तोकेअनुसार समाचारपत्र तथा अन्य छोटा विवरण मौन रुपमा पढन, औषधिको बट्टा अथवा सिसीमा लेखिएको विवरण पढन तथा छापिएका र हस्तलिपिहरु शुद्धसंग पढन सक्ने बनाउन पाठ्यपुस्तकका अभ्यासहरु पूर्णरुपमा आंशिक रुपमा सफल हुने देखिन्छ । सस्वर वाचक र द्रुतपठनका अभ्यासहरु पाठ्यपुस्तकमा समावेश गरिएको पाइदैन् । यसबाट पाठ्यपुस्तकमा पाठ्यक्रमले तोकेको पढ्ाइसम्बन्धी भाषिक सीप हासिल गराउन आंशिक रुपमा सफल देखिए पनि पूर्ण रुपमा सफल देखिदैन् ।

### ४.१.४ लेखाइः

भाषिक सीपमध्यें लेखाइ सीपलाई उच्चस्तरीय सीप मानिन्छ । आफ्ना इच्छा तथा आवश्यकतालाई लिपिबद्धमा प्रकट गर्ने लेखाई सीपद्धारा विभिन्न चिन्ह संकेतहरुको उपयोग गरी कुनै वस्तु वा घटनाप्रतिको आफ्नो धारणा व्यक्त गरिन्छ । बोलाईमा जस्तो सम्पूर्ण भावावेश लेखाइसीप मार्फत व्यक्त गर्न सकिदैंन् । तर जति व्यक्त गरिन्छ त्यसमा बोलाइमा भन्दा स्थायित्व बढी हुन्छ ।

**लेखाइसीपसंग सम्बन्धित सिकाइ उपलब्धि र पाठ्यपुस्तकका पाठहरु**

**तालिका नं. ५**

| कक्षा ४ का लेखाइसीपसंग सम्बन्धित सिकाइका उपलब्धिहरु | विधा | पाठहरु |
|---|---|---|
| - ठीक दुरीमा बान्की मिलाएर अक्षर लेख्न ।<br>- दिइएका वस्तु वा चित्रको वर्णन गरी लेख्न ।<br>- स्वतन्त्र रुपमा छोटा रचनाहरु तयार गर्न ।<br>- औपचारिक चिठी, निवेदन, घरायसी चिठी तथा निबन्ध, कथा लेख्न ।<br>- बैंक चेक लेख्न र फारम भर्न चिन्हहरु प्रयोग गरी श्रुतिलेखन गर्न । | कथा | धनको घमण्ड, नीमको पात, पछुतो, सत्यकामको अठोट |
| | प्रबन्ध | आधुनिक सञ्चार, बालबालिकाको अधिकार, नरेशको यात्रा |
| | कविता | आमा, गाउँछ गीत नेपाली, लक्ष्य, पाप लाग्छ, |
| | चिठी | बुबाको चिठी, प्रधानाध्यापकलाई निवेदन |
| | संवाद | बिहेको निम्तो, पशुपंक्षी र हाम्रो कर्तव्य |

लेखाइ सीपको विकासका लागि आवश्यक विधाहरुमा प्रबन्ध, चिठी लेखन, कविता आदि विधाहरु पर्दछन् । माथिको तालिका नं.५ बाट कक्षा ४ को नेपाली किताबमा यी विधाअन्र्तगत पर्ने विभिन्न पाठहरु समावेश गरिएको पाइन्छ । यसरी हेर्दा यी पाठकहरुको उपयोग गरी लेखाइ सीपलाई वृद्धि गर्न सक्ने देखिन्छ । यसमा लेखाइसंग सम्बन्धित अभ्यासहरु पृष्ठ ९१ को अभ्यास ६ मा तल दिइएका विषयमा अनुच्छेद लेख भनी दिइएको छ । पृष्ठ ६४ को अभ्यास ६ मा कसले कसलाई भनेको हो लेख, त्यस्तै पृष्ठ ७९ को अभ्यास ६/७ मा निवेदन लेख भनी दिइएको छ । पृष्ठ १०१ को अभ्यास १४ मा आफ्ना जीवनको लक्ष्य बारे एक अनुच्छेद लेख भनी दिइएको छ । यी अभ्यासहरुले उपयुक्त स्थानमा उपयुक्त चिन्हहरुको प्रयोग गरी लेख्न तथा लेखाइ सीपको विकास गर्न मद्दत गर्ने देखिन्छ । साथै केही हदसम्म पाठ्यक्रमको उद्देश्य पूरा हुने देखिन्छ । पाठ्यपुस्तकमा यात्रा वर्णन, दैनिकी लेखन, बुँदा टिपोट आदि जस्ता पाठ्यपुस्तकमा पूर्ण रुपमा सक्षम देखिदैंन । त्यस्तै पाठ्यक्रमले निबन्ध, कथा र निवेदन लेख्न सक्ने गराउने उद्देश्य राखेको छ । पाठ्यक्रममा बैंक चेक लेख्न र फारम भर्न भनी उद्देश्य राखेको छ।

### ४.१.५ व्याकरणिक दृष्टिको अध्ययन

पाठ्यपुस्तकमा व्याकरणका तत्वहरुलाई मूल पाठका रुपमा नराखी विधागत पाठमा राखिएका अभ्यासहरुको अन्त्यमा व्याकरणमा छुटै समावेश गराएको पाइन्छ ।

**क) पदसङ्गति**

लिङ्ग, वचन र पुरुषको प्रयोगसम्बन्धी अभ्यासहरु पाठ दुई र २२ को पृष्ठ ११, स्पष्ट उदाहरणसहित दिइएको पाइन्छ ।

**ख) काल**

वर्तमान, भूत,  र भविष्यत् कालको प्रयोगसम्बन्धी अभ्यासहरु पाठ नौ को पृष्ठ ५२ मा उदाहरणसहित दिइएको छ ।

**ग) वाक्य परिवर्तन**

लिङ्ग, वचन, पुरुष र करणको आधारमा पाठ १२, १७ र १८ को पृष्ठ ६५, ९२ र ९६ का अभ्यासमा उदाहरण सहित स्पष्ट पारिएको छ ।

**घ) शब्दप्रयोग र शब्दभण्डारका दृष्टिले अध्ययन**

पाठ्यपुस्तकमा जम्मा  शब्दको प्रयोग १६९ मध्यें दुई शब्द (पृष्ठ ४ देखि २०/२५ शब्द (पृष्ठ ९५) सम्ममा  राखिएका छन् । पाठ्यक्रमका यति नै शब्दसम्मका वाक्यहरु हुनुपर्दछ भन्ने कुनै किटान गरिएको पाइदैंन् ।

पाठ्यपुस्तकले पाठमा प्रयुक्त शब्दहरुलाई केन्द्रविन्दु मानी विभिन्न विषय क्षेत्रका शब्दभण्डारको विकास गराउने उद्देश्य राखेको छ । पाठ्यक्रमले किटान गरेअनुसार शब्दभण्डार वृद्धि गर्न पर्यायवाची, विपरीतार्थी, परिभाषित तथा प्राविधिक अनुकरणात्मक जस्ता शब्दहरुको प्रयोग गरिएको पाइन्छ ।

**प्राथमिक शिक्षा पाठ्यकम २०६५ अनुसारका पाठ्यभार विवरण**

**तालिका नं. ६**

| **भाषिक सीप** | **कक्षा ४** | |
|---|---|---|
| | पाठ्यभार | अङ्कभार % |
| सुनाइ | ३८ | १५ |
| बोलाइ (उच्चारणसमेत) | ५१ | २० |
| पढाइ (शब्द भण्डारसमेत) | ७७ | ३० |
| लेखाइ (हिज्जे र चिह्न प्रयोगसमेत) | ७७ | ३० |
| कार्यमूलक व्याकरण (पदसङ्गति मात्र) | १३ | ५ |
| जम्मा | २५६ | १००% |

## ४.१.६ आन्तरिक तथा बाह्य विशेषताका आधारमा पाठ्यपुस्तकको विश्लेषण

### ४.१.६.१ आन्तरिक आधार

**विषय प्रवेश**

**क) विषयवस्तु :**

प्राथमिक शिक्षा पाठ्यकमले नेपाली भाषापाठ्यपुस्तक कक्षा चारमा लोकपरक, नीतिपरक, पौराणिक, राष्ट्रियपरक, साहित्यिक आदि प्रकृतिका छन् । यी विषयवस्तु ज्ञानवर्द्धक,

सूचनामूलक, मनोरञ्जनात्मक, सन्देशमूलक प्रकृतिका छन् । यस भाषापाठ्यपुस्तकमा भएका कविताहरु देशभक्तिपरक (लक्ष्य), राष्ट्रियपरक (गाउँछ गीत नेपाली) कथाहरु पौराणिक (धनको घमण्ड), लोककथा (बाजालौरी डाङडुङ), नीतिपरक (दाजुभाइ र बुढाबा), आधुनिक (दाजुभाइ र बुढाबा), सामाजिक (सत्यकामको अठोट) आदि प्रकृतिका छन् । प्रबन्धहरु सांस्कृतिक (बाग्मती नदी), प्राकृतिक (बाग्मती नदी), प्राविधिक (आधुनिक संचार), सामाजिक (नरेशको यात्रा) आदि प्रकृतिका छन् । रुपक विधाका संवाद र प्राकृतिक एवं व्यवसायिक (बिहेको निम्तो र पशुपन्छी र हाम्रो कर्तव्य) विषयवस्तुमा आधारित छन् । एउटा चिठी र एउटा निवेदनमा घरायसी चिठी र कार्यालयीय निवेदन रहेको छ । नेपाली भाषा पाठ्यपुस्तक कक्षा ४ मा लोककथा, सामाजिक, सांस्कृतिक, प्राकृतिक, धार्मिक, पौराणिक, साहित्यिक एवं मनोरञ्जनात्मक छन् ।

**तालिका नं. ७**

| क.सं. | पाठ्यपुस्तक | कविता | कथा | निबन्ध प्रबन्ध | रुपक | चिठी |
|---|---|---|---|---|---|---|
| १. | नेपाली भाषा पाठ्यपुस्तक | छन्दलय<br>लोकलय<br>छन्दलय<br>लोकलय | लोक कथा<br>लोक कथा<br>पौराणिक<br>सामाजिक<br>नीतिकथा | सांस्कृतिक<br>सामाजिक<br>वैज्ञानिक<br>व्यावसायिक<br>प्राकृतिक<br>वातावरणीय | संवाद | घरायसी<br>कार्यालयीय |

यो पाठ्यपुस्तक विद्यार्थीको उमेर, पूर्वअनुभव, स्तर र क्षमतालाई आधार मानी तयार पारिएको हुनाले विषयवस्तुहरु पाठ्यक्रम नजिक देखिन्छन् । प्रस्तुत पाठ्यपुस्तकमा भएका विषयवस्तुहरुले पाठ्यक्रमले निर्दिष्ट गरेका क्षेत्रहरुलाई समेटेको पाइन्छ ।

**ख) विधा र प्रस्तुति :**

कक्षा चारको पाठ्यपुस्तकमा विधाहरुको आपसी सम्बन्धलाई ख्याल गरी विधागत विविधता र तिनको प्रस्तुतिलाई वितरण गरिएको साहित्यिक र सहित्येत्तर दुबै क्षेत्रका

विषयवस्तुहरुलाई विधागत स्वरुपमा वितरण गरिएको छ । यस पाठ्यपुस्तकमा जम्मा २१ वटा पाठहरु राखिएका छन् । यी पाठहरुलाई ६ वटा विधामा समेटेको पाइन्छ । यी विधाहरु हुन् कविता, कथा, प्रबन्ध, संवाद, चिठी र निवेदन आदि जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ८**

| क.सं | विधा | विधागत पाठहरु | संख्या |
|---|---|---|---|
| १. | कविता | १. पाप लाग्छ<br>२. आमा<br>३. नौलाख तारा<br>४. गाउँछ गीत नेपाली<br>५. लक्ष्य | ५ |
| २. | कथा | १. पछुतो<br>२. सत्य कामको अठोट<br>३. बजालौरी डाङडुङ<br>४. धनको घमन्ड<br>५. दाजुभाइ र बुढाबा<br>६. नीमको पात | ६ |
| ३. | प्रबन्ध | १. बचत गर्ने बानी<br>२. बागमती नदी<br>३. स्वस्थ बनौं<br>४. नरेशको यात्रा<br>५. बालबालिकाको अधिकार<br>६. आधुनिक सञ्चार | ६ |
| ४. | रुपक ( संवाद) | १. बिहेको निम्तो<br>२. पशुपन्छी र हाम्रो कर्तव्य | २ |
| ५. | चिठी | बुवाको चिठी | १ |
| ६. | निवेदन | प्रधानाध्यापकलाई निवेदन | १ |

यस पाठ्यपुस्तकमा राखिएका ६ वटा विधाका २१ वटा पाठहरु मध्ये ५ वटा कविता, ६ वटा कथा, ५ वटा प्रबन्ध ६ वटा, २ वटा संवाद, १ वटा चिठी र १ वटा निवेदन रहेका छन् । पद्य विधा अन्तर्गत ४ वटा कविताका पाठहरु रहेका छन् । विधाका पाठहरु न्यूनतम ४८ वाक्यमा संरचित छन् भने अधिकतम ९४ सम्मका छन् । 'धनको घमण्ड देखि निवेदन' सम्म ६१२ वाक्यमा संरचित लम्बाइको हिसाबले अन्य पाठहरु भने उपयुक्त नै छन् । कविता विधाको पाठ 'लक्ष्य' भने प्रतीकात्मक एवं आलङ्कारिक किसिमको छ । जुन बालबालिकाको स्तरभन्दा कठिन देखिन्छन् ।

विधाहरुको रखाइक्रम कविता, कथा, प्रबन्ध, कविता, कथा, प्रबन्ध, संवाद, कथा, प्रबन्ध, चिठी, कविता, कथा, प्रबन्ध, संवाद, निवेदन, कविता, कथा, प्रबन्ध, कविता, कथा, प्रबन्ध रहेको छ । 'गाउँछ गीत नेपाली' लाई पहिलो कविताको रुपमा राखिएको छ । जस अर्न्तगत प्रस्तुत पाठ्यपुस्तकमा राखिएका पद्य विधाहरु क्रमशः १६, १८, १८, २०, २४ हरफमा रचना गरिएको छ । यस पुस्तकमा अनुच्छेद संख्या २ प्रधानाध्यापकलाई निवेदन र पाठका शीर्षकहरु १ शब्द देखि ६ शब्दसम्मका संरचित छन् ।

**ग) भाषिक संरचना शैली र शब्दभण्डार :**

प्राथमिक शिक्षा पाठ्यक्रमले नेपाली भाषा पाठ्यपुस्तक कक्षा ४ मा जम्मा ६७०० शब्दहरु प्रयोग गरी बोल्न र लेख्न सक्ने बनाउने लक्ष्य लिएको पाइन्छ । यस पाठ्यपुस्तकमा ४ देखि १५ वटा सम्मका शब्दहरु प्रयोग गरी वाक्यहरु निर्माण गरिएको पाइन्छ । संरचनामा कतिवटा सम्म शब्द प्रयोग गर्ने भन्ने कुरामा ख्याल गरिएको पाइँदैन । सरल वाक्यको अधिक प्रयोग ज्यादा नै पाइन्छ । अधिकांश वाक्यहरु ५, ६ वटा शब्दहरु द्वारा निर्मित छन् । नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, संयोजक, विस्मयादिबोधक, काल, पक्ष, पर्यायवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, अनेकार्थी, पारिभाषिक/प्राविधिक, उखानटुक्काको प्रयोगले भाषिक संरचनामा थप जटिलता थपिदिएको छ ।

**घ) नमुना अभ्यास :**

प्राथमिक शिक्षा पाठ्यक्रमले नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारमा अभ्यासात्मक सन्तुलन कायम गरिएको छ । जम्मा-जम्मी ११४ पृष्ठ मध्यें ६४ पृष्ठमा अभ्यास भएकाले यो

ज्यादा अभ्यासमूलक बन्न गएको छ । यस पाठ्यपुस्तकमा लय हालेर पढ्ने, शुद्धसँग उच्चारण गर, शब्दको अर्थ लेख, शुद्ध गरी सार, एक वाक्यमा उत्तर देऊ, छोटो उत्तर देऊ, उखानको अर्थ लेख, कथाको घटनाक्रम मिलाऊ, खाली ठाउँ भर्ने, जोडा मिलाऊ, संकेत गरिए अनुसार वाक्यहरु परिवर्तन गर, वचन परिवर्तन गरी पूर्नलेखन गर, अनुच्छेद पढेर सुनाऊ, अनुच्छेद पढी प्रश्नको उत्तर देऊ, तालिकाबाट वाक्य बनाऊ, प्रत्यय लगाइ नयाँ शब्द बनाऊ, निवेदन लेख, फरक अर्थ बताऊ, बायाँपट्टिका कुरासँग दायाँपट्टिका कुरा मिलाइ सार, सिर्जनात्मक अभ्यास, व्याकरण जस्ता अभ्यास राखिएको छन् । शुद्धसँग उच्चारण गर, शब्दको अर्थ लेख, शुद्ध गरी सार, एक वाक्यमा उत्तर देऊ, छोटो उत्तर देऊ, खाली ठाउँ भर्ने, सिर्जनात्मक अभ्यास र व्याकरणका अभ्यासहरु अधिकांश पाठमा समावेश गरिएको छ । सिर्जनात्मक अभ्यास र व्याकरणका अभ्यासहरुमा पर्याप्त विविधता पाइन्छ । व्याकरणका प्रत्येक नियमहरु पाठमा नै समावेश गरेर शिक्षण गर्ने जमर्को गरिएको छ । भाषिक सीपहरुलाई एक-अर्कोमा अन्तरसम्बन्धित गर्दै अभ्यास गराउने जमर्को यसले गरेको छ । भषिक सीप विकासका दृष्टिले अभ्यासलाई हेर्दा प्रत्येक अभ्यासमा भाषाका चारै सीपलाई शिक्षण गर्ने जमर्को देखिन्छ । लेखाइ सीप सबैभन्दा बढी अनि बोलाइ, पढ्इ र सुनाइ गरी अभ्यासात्मक रुपमा छुट्टयाइएको छ ।

**ङ) समाविष्ट चित्रका आधारमा भाषा पाठ्यपुस्तकको अध्ययनः**

प्रस्तुत पाठ्यपुस्तकमा विद्याका पाठहरुमा प्रशस्त मात्रामा चित्रहरुको प्रयोग गरिएको छ । विधाका धेरैजसो पाठहरुमा चित्रको प्रयोग गरिएको छ । प्रत्येक विधामा १ देखि ३ वटासम्म चित्रहरु सबै सादा रङमा उतारिएका छन् । काला घुर्मैला प्रवृत्तिका छन् । जसमा यस पाठ्यपुस्तकमा गरेको पाइन्छ । प्रस्तुत किताबमा एउटा पाठमा १ देखि ३ वटासम्म चित्रको प्रयोग भएका छन् । संख्यात्मक रुपले चित्रहरुको संख्या कम मात्रामा भए पनि चित्र गुणात्मक रुपमा स्पष्ट र आकर्षक छन् । सबैभन्दा बढी चार ओटा चित्र भएको पाठ 'दाजुभाइ र बुढाबा' सबैभन्दा कम एक चित्र भएको पाठ 'आमा' रहेका छन् ।

**निष्कर्ष :**

नेपाली भाषा पाठ्यपुस्तक कक्षा ४ का पाठहरुका विषयवस्तुहरु लोकपरक, नीतिपरक, पौराणिक, राष्ट्रियपरक, सामाजिक, सांस्कृतिक, प्राकृतिक, प्राविधिक प्रकृतिका रहेका छन् । यी

विषयवस्तुहरुलाई कविता, कथा, प्रबन्ध, संवाद, चिठी, निवेदन ६ वटा विधाहरुलाई विधागत पाठहरुमा वितरण गरिएको छ । विधागत पाठहरु विभिन्न भाषिक संरचना शैली र शब्दभण्डारहरुको प्रयोग गरी पूरा गरिएको छ । यी पाठहरुका विषयवस्तुहरु मिल्दो-जुल्दो चित्रहरुको प्रयोग गरिएको छ र नमुना अभ्यासहरु विषयवस्तुका पाठहरुसँग सम्बन्धित रहेको र भाषिक सीप विकासका दृष्टिले भाषाका चार वटै सीप सिकाउने जमर्को गरिएको छ ।

### ४.१.६.२ बाह्य आधार

**क) आवरण पृष्ठ :**

कक्षा चारको आवरण पृष्ठ रङ्गीन रहेको छ । आवरण पृष्ठ अन्तर्गत मुखावरण भागमा किताबको नाम र कक्षा साथै दाहिने तर्फ सिरानमा अङ्कमा ४ लेखिएको छ । पाठ्यपुस्तकको यो पृष्ठ व्यक्ति आर्कषक देखिदैंन् । अन्त्यावरण पृष्ठमा भने सबै भन्दा माथि कक्षा ४ को कक्षागत गीत भनेर ठूला अक्षरमा लेखिएको साथै देशभक्ति झल्कने कक्षागत गीत पनि राखिएको छ । अन्त्यमा प्रकाशक संस्थाको नाम, ठेगाना र मूल्य राखिएको छ । आवरण पृष्ठ र अन्त्यावरण पृष्ठको कागज पातलो र खस्रो प्रयोग गरिएको छ । यसको सट्टा माटो र प्लाष्टिक कोटेड गरेको कागज प्रयोग गर्नु उपयुक्त हुन्छ ।

**ख) आकार :**

आकारका दृष्टिले यसको लम्बाई २४ से.मी. र चौडाई १७ से.मी. रहेको छ । यसमा जम्मा पृष्ठ सङ्ख्या ११४ + २ + ४ रहेको छ । यसको आकार बालबालिकाको उमेर स्तर अनुरुप नै छ । बालबालिकालाई बोकेंर हिड्न सजिलो नै छ । त्यसैगरी झोलामा वा ब्यागमा राखेर हिड्न सजिलो नै छ ।

**ग) छपाइ :**

नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारको पाठशीर्षक, अभ्यासको मुख्य भागहरु लेखकको नाम आदिमा गाढा मसीको प्रयोग गरिएको छ । अन्य ठाउँमा मसीको उपयुक्त वितरण पाइन्छ । छपाइका क्रममा पृष्ठको तल र माथिको ठाउँ छोडाइ उपयुक्त भए पनि दायाँ बायाँमा भने

कनजुस्याँइ गरको पाइन्छ । कुनै चित्रहरु पुरा नबनाएर आदी वा प्रसङ्गनै अर्कै देखिने चित्र बनाएर छापिएका छन् । जसलाई सुधार्नु पर्ने देखिन्छ ।

**घ) बँधाइ :**

नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारको बँधाइमा स्टेपल पिन र फेविकलको प्रयोग गरिएको छ ।

**ङ) कागजको स्तर :**

नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारको कागज मध्यम खालको प्रयोग गरिएको देखिन्छ । शुद्ध सेतो भन्दा पनि अलि घुरमैलो सेतो रङ्गको छ । कागज मध्यम खालको भएर होला छेऊ-छेऊ मा दोब्रिने र च्यातिने देखिन्छ । यस भन्दा अलि बाक्लो, मोटो र प्लाष्टिक कोटेड गरको कागज प्रयोग गर्नु उचित हुन्छ । ताकि छेऊ-छेऊ मा दोब्रिने र च्यातिने नहोस् ।

**च) मूल्य :**

यस पाठ्यपुस्तकको मूल्य रु. ३७/२५ राखिएको छ । जुन उपयुक्त र सान्दर्भिक नै छ । सर्वसाधारण क्रेता एवं अभिभावकको क्रयशक्तिलाई मध्यनजर गरी यसको मूल्य निर्धारण गरिएको पाइन्छ ।

**निष्कर्ष :**

नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारको आवरण पृष्ठ रङ्गीन रहेको छ । आवरण पृष्ठमा किताबको नाम, कक्षा ४ भने अन्त्यावरण पृष्ठ भने त्यत्ति आकर्षक छैन । कक्षागत गीत, प्रकाशक संस्थाको नाम ठेगाना मात्र दिएको छ । यसको लम्बाइ २४ से.मी. र चौडाइ १७ से.मी. रहेको छ । यो पुस्तकको छपाइमा मसीको उचित वितरण गरिएको छ भने शुद्धाशुद्धीको हिसाबले कहीं-कहीं कमजोर देखिन्छ ।

## ४.२. नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारका सबल र दुर्बल पक्षहरु :

### ४.२.१ नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारका सबल पक्षहरु :

क) विषयवस्तुहरु बालबालिकाको अनुभव क्षेत्र र बाह्यको वातावरणीय सेरोफेरोबाट लिइएको ।

ख) बाल उपयोगी सरल, रोचक, आकर्षक एवं मनोरञ्जनात्मक विषयवस्तुको छनौट ।

ग) विषयवस्तुहरु ज्ञानवर्द्धक, सूचनामूलक, सन्देशमूलक, व्यावहारिक प्रकृतिका रहेका ।

घ) बालबालिकाको उमेर, रुचि एवं क्षमतालाई ख्याल गरी विभिन्न विधाको छनौट गरिएको ।

ङ) विधागत पाठहरुको लम्बाइ एवं विधागत बनोट बालबालिकाको स्तर अनुरुप गरिएको ।

च) वर्णनात्मक शैलीका प्रबन्धको उचित प्रयोग ।

छ) विधागत विविधता कायम गरी विधागत संरचनाको जानकारी दिने प्रयास गरिएको ।

ज) विधागत पाठहरुलाई सरल देखि जटिल क्रममा राखिएको ।

झ) बढी भन्दा बढी शब्दभण्डार क्षमताको अभिबृद्धि गर्ने जमर्को गरिएको ।

ञ) जटिल संरचनाको मिश्र र संयुक्त वाक्यको बढी प्रयोग ।

ट) पाठको आकार भन्दा अभ्यासको आकार ठूलो बनाइ भाषिक अभ्यासलाई बढुवा दिइएको ।

ठ) अभ्यासात्मक विविधता कायम गरिएको ।

ड) विधागत पाठ एवं अभ्यासबीच सन्तुलन कायम गरिएको ।

ढ) अभ्यासहरु रचनात्मक बीच सन्तुलन कायम गरिएको ।

ण) भाषिक सीपहरुलाई एक-अर्कोमा अन्तरसम्बन्धित गरी अभ्यासहरुको छनौट गरिएको ।

त) लेखाइ र बोलाइ सीपलाई बढी प्राथमिकता दिइएको ।

थ) चित्रहरु श्यामश्वेत र आकर्षक रहेका ।

द) आवरण पृष्ठ रङ्गीन आकर्षक र कलात्मक रहेको ।

ध) प्लाष्टिक कोटेड गरी आवरण पृष्ठलाई थप सुरक्षित बनाइएको ।

न) पाठशीर्षक, उपशीर्षक एवं अभ्यास मूल प्रश्नहरुलाई गाढा एवं चहकिलो बनाइएको ।

प) भाषिक शुद्धाशुद्धीलाई धेरै हदसम्म कम गर्ने सचेतता अपनाइएको ।

फ) बालबालिकाको स्तर र उमेरलाई मध्यनजर गरी यसको आकार निर्धारण गरिएको ।

ब) घुरमैलो सेतो रङ्गको कागजको प्रयोग गरिएको ।

### ४.२.२ नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारका दुर्बल पक्षहरु :

क) विषयवस्तुहरु बढी सूचनात्मक, ज्ञानवर्द्धक, सन्देशमूलक रहेका ।

ख) बालबालिकाको मनोविज्ञान उजागर गर्ने खालका विषयवस्तु नराखिएको ।

ग) लैङ्गिक समानता, श्रमशीलता जस्ता पक्षलाई समेट्ने विषयवस्तु नराखिएको ।

घ) विज्ञान प्रविधिलाई समेटेर विषयवस्तु चयन नगरिएको ।

ङ) पाठ १ को 'गाउँछ गीत नेपाली' कविता पछि एकै चोटी पाठ चौथों मा मात्र 'आमा' कविता वितरण गरिएको ।

च) सरल वाक्यमा पनि जटिल संरचनाको प्रयोग गरिएको ।

छ) स्तर भन्दा कठिन शब्दको प्रयोग एवं शब्द भण्डारको शिक्षणमा नियन्त्रणको अभाव रहेको ।

ज) भाषिक संरचनाको नियन्त्रणको अभाव ।

झ) 'गाउँछ गीत नेपाली' मिलेको र 'बचत गर्ने बानी' मा स्पष्ट चित्र नदेखिएको ।

ञ) भाषिक सीप विकासका निम्ति पढाइ र सुनाइ सीपका अभ्यासहरु कमी भएको ।

ट) आवरण पृष्ठ अन्तर्गत अन्त्यावरण पृष्ठ आकर्षक नरहेको ।

ठ) अन्त्यावरण पृष्ठको कक्षागत गीतको तेस्रो हरफ र तेस्रो हरफका पहाड बोल्ट र हिमाल बोल्ट गलत छापिएको ।

ड) शुद्ध सेतो भन्दा घुरमैलो सेतो रङ्गको कागजको प्रयोग ।

ढ) मध्यम खालको कागजले गर्दा छेऊ-छेऊ दोब्रिने देखिने ।

# अध्याय पाँच

## सारांश, निष्कर्ष र उपयोगिता

### ५.१ सारांश

१. नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारमा जम्मा २१ वटा पाठहरु समावेश गरिएका छन् । यी पाठका विषयवस्तुहरु लोकपरक, नीतिपरक, पौराणिक, राष्ट्रियपरक, सामाजिक, सांस्कृतिक, प्राकृतिक, वैज्ञानिक, प्राविधिक प्रकृतिका छन् । यी विषयवस्तुहरु ज्ञानवर्द्धक, सूचनामूलक, मनोरञ्जनात्मक, सन्देशमूलक रहेका छन् ।

२. कक्षा चारको पाठ्यपुस्तकका विधाहरुलाई साहित्यिक र साहित्येतर दुबै क्षेत्रमा वितरण गरिएको छ । यस पाठ्यपुस्तकमा जम्मा ६ वटा विधाहरु रहेका छन् । यी विधाहरुका २१ वटा पाठ मध्ये कविता ५ वटा, कथा ६ वटा, प्रबन्ध ६ वटा, संवाद २ वटा, चिठी १ वटा र १ वटा निवेदन रहेका छन् ।

३. नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारको गद्य विधाका पाठहरु न्यूनतम ४८ वाक्यमा संरचित अधिकतम ९४ वाक्यसम्म छ । 'धनको घमण्ड' देखि 'निवेदन 'सम्म ६१२ वाक्यमा संरचित छ । 'लक्ष्य' कविता विधाको पाठ भने प्रतीकात्मक एवं आलाङ्कारिक किसिमको छ जुन बालबालिकाको स्तर भन्दा कठिन देखिन्छ ।

४. नेपाली भाषा पाठ्यपुस्तक कक्षा ४ को पुस्तकमा ४ देखि १५ वटा सम्म शब्दहरु प्रयोग गरी वाक्य निर्माण गरिएको पाइन्छ । पुस्तकमा सरल वाक्यको अधिक प्रयोग, जटिल संरचनाको मिश्र वाक्य र संयुक्त वाक्यको बढी प्रयोग भने अधिकांश वाक्य ५/६ वटा शब्दहरु द्वारा निर्मित छन् । नाम, सर्वनाम, विशेषण, नामयोगी, विपरातार्थी जस्ता मिल्दा जुल्दा शब्दभण्डारहरुको प्रयोग भएका छन् ।

५. नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारमा १६३ वटा कठिन शब्दहरुलाई उच्चारणमा समावेश गरिएको छ । शब्दहरुको वितरणलाई हेर्दा एउटा पाठमा ९ देखि ११ वटासम्म कठिन शब्दहरुलाई समावेश गरिएको छ ।

६. नेपाली भाषा पाठ्यपुस्तकको कक्षा चारमा जम्मा ११४ पृष्ठ मध्ये ६६ पृष्ठ भाग अभ्यासले ओगटेको पाइन्छ । पुस्तकमा मिल्दा जुल्दा अभ्यास भए पनि पर्याप्त मात्रामा विविधता पनि पाइन्छ । कक्षा चारमा व्याकरण अभ्यास नियम सहित दिएको छ भने सरल तरिकाले व्याकरण पढेको अनुभव नै नहुने गरी अभ्यासहरु दिएका छन् ।

७. भाषिक सीपका दृष्टिले अभ्यासलाई हेर्दा प्रत्येक अभ्यासमा भाषाका चारैवटा सीपलाई शिक्षण गर्ने जमर्को देखिन्छ । लेखाइ सीप सबैभन्दा बढी अनि पढाइ, बोलाइ, सुनाइका अभ्यासहरु छुट्टयाइएको छ ।

८. नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारको आवरण पृष्ठ रङ्गीन रहेको छ भने अन्त्यावरण पृष्ठ भने उस्तै रहेको छ ।

९. भाषा पाठ्यपुस्तकको छपाइ मध्यम किसिमको छ । मसीको वितरण पुस्तकमा उचित नै छ । पुस्तकमा चित्रहरुमा श्यामश्वेत रङ्ग प्रयोग गरिएको छ । पुस्तकमा स्टेपलर पिन र फेविकलको प्रयोग गरिएको छ । पुस्तकमा घुरमैलो सेतो रङ्गको कागज प्रयोग गरिएको छ । अन्त्यावरण पृष्ठमा कक्षगत एउटै गीत छापिएको छ ।

१०. नेपाली चारको मूल्य रु.३७/२५ कायम गरिएको छ ।

**५.२ निष्कर्ष :**

१. नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारका विषयवस्तुहरु बालबालिकाहरुको पूर्वअनुभव एवं क्षमतालाई ख्याल गरी विषयवस्तु चयन गरिएको ।

२. नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारमा बाल उपयोगी सरल, रोचक, आकर्षक एवं मनोरञ्जनात्मक विषयवस्तुको छनौट गरिएको ।

३. ज्ञानवर्द्धक, सूचनामूलक, सन्देशमूलक, मनोरञ्जनात्मक प्रकृतिका विषयवस्तुहरु भाषापाठ्यपुस्तकमा रहेको ।

४. लैङ्गिक समानता, श्रमशीलता एवं सांस्कृतिक एकता जस्ता पक्षहरुलाई समेट्ने विषयवस्तु भाषापाठ्यपुस्तकमा नरहेको ।

५. नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारमा बाल उपयोगी विधाहरु कविता, कथा, प्रबन्ध, संवाद, चिठी, निवेदन आदिलाई स्थान दिएको छ । यसका अलावा पाठ्यपुस्तकमा गीत विधालाई पनि स्थान दिइएको छ ।

६. नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारमा गद्य विधाका पाठहरु न्यूनतम ४८ वाक्यदेखि अधिकतम ९४ वाक्य सम्म संरचित छ । धनको घमण्ड देखि निवेदन सम्म ६१२ वाक्यमा संरचित छ ।

७. भाषापाठ्यपुस्तकमा पहिलो, दोस्रो र तेस्रो पाठमा कविता, कथा, प्रबन्ध विधालाई समावेश गरे तापनि त्यसपछिका विधाहरुको वितरणमा एकरुपता पाइँदैन । कक्षा चारमा 'गाउँछ गीत नेपाली' कविता सरल पाठ राखिएको छ ।

८. भाषापाठ्यपुस्तकमा सरल वाक्यको अधिक प्रयोग जटिल संरचनाको संयुक्त र मिश्र वाक्यको प्रयोग छ । अधिकांश वाक्य ५, ६ वटा शब्दद्वारा निर्मित छन् । नाम, सर्वनाम, विशेषण, क्रियापद, काल, पर्यायवाची, विपरीतार्थी आदिको प्रयोग नियन्त्रित रुपमा गरिएको छ । नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारमा १४/१५ वटा सम्म शब्द प्रयोग गरी बनेका वाक्यहरु रहेका छन् ।

९. हरेक पाठका शीर्षक उपयूक्त छन् ।

१०. नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारमा जम्मा ११४ पृष्ठ मध्यें ६६ पृष्ठ भाग अभ्यासले ओगटेको पाइन्छ । यसमा विधागत पाठ अनुरुप अभ्यासको छनौट उपयुक्त पाइन्छ । यसमा सिर्जनात्मक अभ्यास, कार्यमूलक व्याकरण, जोडा मिलाउने, खाली ठाउँ भर्ने आदिमा पर्याप्त विविधता पाइन्छ ।

११. स्तरभन्दा कठिन शब्दहरुको प्रयोग कक्षा चारमा छैन कुनै -कुनै जटिल शब्दहरु प्रयोगमा आएका छन् ।

१२. सुनाइ सीप विकास सम्बन्धी अभ्यासहरु भाषापाठ्यपुस्तकमा कम छन् भने पढाइ र बोलाइ सीप सम्बन्धी भाषापाठ्यपुस्तकमा उत्तिकै अभ्यास छन् भने लेखाइ सीपलाई भाषापाठ्यपुस्तकले बढी जोड दिएको छ ।

१३. नेपाली भाषा पाठ्यपुस्तक कक्षा चारको आवरण पृष्ठ रङ्गीन रहेको छ । कक्षा चारमा पातलो र खस्रो कागजको प्रयोग गरिएको छ भने अन्त्यावरण पृष्ठ भाषापाठ्यपुस्तकको आकर्षक छैन । यसलाई विज्ञापनको माध्यमका रुपमा मात्र प्रयोग गरिएको पाइन्छ ।

१४. भाषापाठ्यपुस्तकको आकार बालबालिकाहरुको स्तर सुहाउँदो, झोलामा बोकेर हिंड्न मिल्ने किसिमको छ ।

१५. भाषापाठ्यपुस्तकको बँधाइमा फेविकल र स्टेपलर पिनको प्रयोग गरिएको छ ।

१६. भाषापाठ्यपुस्तकको शुद्ध सेतो भन्दा घुरमैलो सेतो रङ्गको कागज प्रयोग गरिएको छ ।

१७. नेपाली भाषा पाठ्यपुस्तक चारको मूल्य उपयुक्त देखिन्छ ।

## ५.३ उपयोगिता

१. लैङ्गिक समानता एवं श्रमशीलता जस्ता भावनाको विकास गर्ने खालका विषयवस्तु राख्नु पर्ने ।

२. सांस्कृतिक एकता एवं धार्मिक सहिष्णुता जस्ता पक्षहरुलाई समेट्ने विषयवस्तुलाई स्थान दिनुपर्ने ।

३. विषयवस्तुहरु बढी ज्ञानवर्द्धक, सूचनामूलक, मनोरञ्जनात्मक भएकाले भाषा सिकाइ ओझेलमा पर्ने हुँदा तुलनात्मक रुपमा सरल पाठ चयन गर्नुपर्ने ।

४. गाँउछ गीत नेपाली जस्तो सरल कवितालाई सुरुको राखिएको छ ।

५. विधागत पाठहरुको छनौट एवं स्तरणमा सचेतता अपनाए हुने/ अपनाउनु पर्ने ।

६. समस्त शब्दको बढी प्रयोग एवं स्तर भन्दा जटिल शब्दको प्रयोग नगर्ने तर्फ सचेत हुनु/ हुनुपर्ने ।

७. स्तर भन्दा कठिन शब्द प्रयोग एवं शब्द भण्डार शिक्षणमा सचेतता अपनाए हुने/अपनाउनुपर्ने ।

८. भाषिक सीप विकासका निम्ति पढाइ र सुनाइ अभ्यासहरु थप गर्नुपर्ने ।

९. आवरण पृष्ठ जस्तै अन्त्यावरण पृष्ठ पनि आकर्षक हुनुपर्ने ।

१०. पृष्ठको दाँया-बाँयाको किनारमा ठाउँ बढी छोड्नु पर्ने ।

११. घुरमैलो सेतो रङ्गको कागज भन्दा शुद्ध सेतो कागज प्रयोग गर्नु उपयोगी हुने/गर्नुपर्ने ।

## ५.४ नीति निर्माण तह

क) सबैखाले भाषाभाषी, संस्कृति, जातजाति परम्पराको विना भेदभाव सबैले अवसर पाउने पाठ्यपुस्तकहरु मातृभाषामा लेखन तथा प्रकाशन गर्नुपर्ने ।

ख) सामाजिक र आर्थिक रुपले पछि परेका बालबालिकाको लागि विद्यालयको पहुँच र निरन्तरता कायम रहने गरी प्रोत्साहन कार्यक्रम ल्याउनुपर्ने ।

ग) विद्यालयको भौतिक तथा शैक्षिक विकासमा योगदान पुग्ने गरी आर्थिक लगानीको दीर्घकालीन नीति लागू गर्नुपर्ने ।

घ) समावेशीकरण र समकालीन समाज अनुकूल हुनेगरी पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्नुपर्ने ।

ङ) समयमा पाठ्यपुस्तक विद्यार्थीको हातमा आइपुग्नेगरी नीति बनाई कड्ाइका साथ लागू गर्नुपर्ने ।

च) नेपाली भाषालाई राष्ट्रिय भाषा र यसको विकासमा अनिवार्य गर्नुपर्ने ।

## ५.५ कार्यान्वयन तह

क) शिक्षाक्षेत्रसँग सम्बन्धित सरोकारवालाहरुले विद्यालयको अनुगमन तथा निरीक्षण गर्ने कार्यमा तीब्रता दिनुपर्ने ।

ख) विद्यालयका अतिरिक्त क्रियाकलापमा सक्षम र सक्रियलाई मात्र अवसर प्रदान नगरी पछि परेका र निष्क्रिय विद्यार्थीलाई शिक्षकले सहभागी गराउने कार्यक्रम सञ्चालन गर्ने ।

ग) विद्यालयको वातावरण, कक्षाकोठा एवम् बालमैत्रीपूर्ण हुनुपर्ने ।

घ) विभेदको वातावरण हुन नदिने ।

ङ) समावेशीकरणलाई प्रभावकारी बनाउन सचेतता प्रदान गर्ने किसिमका अन्तरक्रिया र गोष्ठी शिक्षक, विद्यार्थी र अभिभावकबीचमा सञ्चालन गर्ने ।

च) नेपाली भाषाको विकासमा जोड दिनुपर्ने ।

छ) भाषिक संरचना र वर्णविन्यास एवम् छपाइ र बँधाइमा समेत ध्यान पुऱ्याउनु पर्ने ।

## ५.६ भावी अनुसन्धानका सम्भाव्य शीर्षकहरु

क) नेपाली भाषाका पाठ्यपुस्तकहरुको विगत, वर्तमान र भविष्यलाई समेटेर अनुसन्धान गर्नुपर्ने ।

ख) राज्यबाट नेपाली भाषापाठ्यपुस्तकहरु प्रकाशनमा देखिएका कमिकमजोरीहरुलाई मूल्याङ्कन गर्न अनुसन्धान गर्नुपर्ने । त्यस्तै भावी अनुसन्धानका निम्ति अनुसन्धानकर्ताहरू लगायत विभिन्न संघ-संस्था र सरकोकारवालाहरूले यी भाषा पाठ्यपुस्तकका अन्य विषयवस्तुहरूमा समेत अनुसन्धान गर्न जरूरी भएकोले उक्त अनुसन्धानका लागि निम्न शीर्षकहरूमा गरे उपयुक्त हुने हुँदा ती शीर्षकहरू यस प्रकार छन् :

- नेपाली-४ को व्यतिरेकी विश्लेषण सम्बन्धी अध्ययन ।
- नेपाली-४ को त्रुटी विश्लेषण सम्बन्धी अध्ययन ।
- हाम्रो नेपाली-४ र नेपाली किताव-७ मा प्रयुक्त शब्दभण्डार सम्बन्धी अध्ययन ।
- आधारभूत तह (६-८) को नेपाली विषयको व्याकरण शिक्षण सम्बन्धी अध्ययन ।
- कक्षा-४ मा अध्ययनरत सन्थाल विद्यार्थी र अन्य विद्यार्थीबीचको भाषिक क्षमता सम्बन्धी अध्ययन ।
- प्रा.वि. तथा नि.मा.वि. तहको पाठयकमबीच तुलनात्मक अध्ययन ।
- प्रा.वि. स्तर कक्षा १ र ५ का पाठयकम र पाठयुस्तकबीच तुलनात्मक अध्ययन ।

**सुझावहरु :**

१. काल्पनिक र भावात्मक पाठहरु विधार्थीहरुको स्तर अनुरुप ख्याल गरी सकभर कम गर्दा राम्रो हुने देखिन्छ ।

२. पाठ्यपुस्तक निर्माण गर्दा शिक्षाशाास्त्रीय नियमलाई अंगाल्नुपर्ने देखिन्छ ।

३. पाठ्यपुस्तकमा स्तरीय र बलियो कागज प्रयोग गर्नुपर्ने देखिन्छ ।

४. स्तर अनुसारका वाक्य गठन हुनु आवश्यक देखिन्छ ।

**शैक्षिक प्रयोजन :**

**प्रस्तुत शोधको निम्नानुसार प्रयोजन देखिन्छ ।**

१. नेपाली भाषा पाठ्यपुस्तक अनुसन्धान गर्नेहरुको लागि प्रस्तुत शोधले सहयोग गर्नेछ ।

२. भाषा पाठ्यपुस्तक र अन्य पाठ्यपुस्तक बीच फरकका बारेमा जानकारी लिन यसले सहयोग पुर्याउनेछ ।

३. प्रा.वि. स्तर कक्षा ४ को भाषा पाठ्यपुस्तकमा रहेका कमीकमजोरी हटाउन प्रस्तुत शोधले सहयोग गर्नेछ ।

## सन्दर्भग्रन्थ सूची


१. अधिकारी, हेमाङ्गराज, (२०५३) नेपाली भाषा शिक्षण, (तेस्रो संस्करण) काठमाडौँ : कुञ्जन प्रकाशन ।

२. अधिकारी, पुष्पराज, (२०५७) हाम्रो नेपाली किताब कक्षा ७ र ८ मा प्रयुक्त जीवनी विधासँग सम्बन्ध पाठहरुको तुलनात्मक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र ने.भा.शि.वि. त्रि.वि., कीर्तिपुर ।

३. आचार्य, शिवराज, (२०५८) कक्षा एक र दुईको सजिलो नेपाली माला र सरल नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, ने.मा.शि.वि.त्रि.वि.कीर्तिपुर ।

४. खनाल, रामचन्द्र (२०५६) कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन, काठमाडौँ स्नातकोत्तर तहको शोधपत्र ।

६. गौतम गेहनाथ, (२०५७) कक्षा पाँचको मेरो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न बहुमुखी क्याम्पस, ताहाचल ।

७. गौतम, देवीप्रसाद, (२०४९) नेपाली भाषा परिचय, काठमाडौँ : साझा प्रकाशन ।

८. घिमिरे, प्रकाश, (२०६०) हाम्रो नेपाली किताब कक्षा ८ र सजिलो नेपाली माला ८ को तुलनात्मक अध्ययन, अप्रकाशित शोधपत्र, महेन्द्ररत्न क्याम्पस ताहाचल ।

९. घिमिरे, बसन्त, (२०६६) कक्षा ५ को मेरो नेपाली किताब र शुभारम्भ नेपाली लहर ५ को तुलनात्मक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र ने.भा.शि.वि. त्रि.वि., कीर्तिपुर ।

१०. ढकाल, शान्तिप्रसाद, (२०६५) भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षणपद्धति, काठमाडौँ : अक्स्फोर्ड इन्टरनेसनल पब्लिकेसन ।

११. ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल, (२०५७) परिचयात्मक नेपाली भाषा शिक्षण, काठमाडौँ : एम.के. पब्लिशर्स एण्ड डिस्ट्रिव्युटर्स ।

१२. पौडेल, नारायणप्रसाद, (२०५९) कक्षा दुईको मेरो नेपाली र सरल नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र ने.भा.शि.वि. त्रि.वि., कीर्तिपुर ।

१३. पौडेल, गंगाराम (२०५४) माध्यमिक तह नेपाली भाषा पाठ्यपुस्तक कक्षा ( ९ र १०)प्रयूक्त नमुना अभ्यास एक विश्लेषणात्मक अध्ययन, शोधपत्र, काठमाडौं ।

१४. बन्धु, चूडामणि, कोइराला खेम र अन्य, (२०६५) अनुसन्धान विधि, काठमाडौं : दीक्षान्त प्रकाशन ।

१५. बराल, मदनराज, (२०६१) कक्षा ४ को महेन्द्रमाला र हाम्रो नेपाली किताबको तुलनात्मक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र ने.भा.शि.वि. त्रि.वि., कीर्तिपुर ।

१६. सुवेदी, टीकाराम, (२०६०) कक्षा ५ को मेरो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र ने.भा.शि.वि. त्रि.वि., कीर्तिपुर ।

१७. सुवेदी, लालानाथ र भट्टराई बद्रीविशाल, (२०६९) नेपाली कक्षा-७ पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

१८. शर्मा, केदारप्रसाद र पौडेल माधवप्रसाद, (२०६७) नेपाली भाषा र साहित्य शिक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

१९. ..................भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षापद्धति, (२०५७) काठमाडौं : एम.के पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

**शोधार्थी व्यक्तिवृत्तः**

| | |
|---|---|
| नाम | : संगिता कुमारी साह |
| जन्ममिति | : २०४२/०९/२५ |
| लिङ्ग | : महिला |
| धर्म | : हिन्दु |
| पेशा | : शिक्षण |
| नागरिकता | : नेपाली |
| जन्मस्थान | : असनपुर-६, गोलबजार |
| बुबा | : शिबु साह |
| शैक्षिक योग्यता | : स्नातकोत्तर (एम.एड.) |
| स्थायी ठेगाना | : कञ्चनरुप न.पा.-५, सप्तरी |
| सम्पर्क नं. | : ९८१६१६०६६३ |

समाप्त